# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव जीवनमा शिक्षा एक अपरिहार्य तत्व हो । मानव जन्मेदेखि मृत्यु नहुञ्जेलसम्म उसले हरेक कुराहरु सिक्छ । यसमा सिकाईको ठूलो भूमिका रहेको हुन्छ । मानवीय जीवनलाई समय सापेक्ष रुपमा चल्न चलाउन शिक्षाको ठूलो भूमिका रहेको पाईन्छ, जुन कुरालाई विश्वका इतिहासले प्रष्ट पार्दै आएको देखिन्छ (दुर शिक्षा, २०६७, पे. १९) । हरेक व्यक्तिले आर्जन गर्ने शिक्षा सम्बन्धमा विभिन्न अवधारणााहरु आईरहेका छन् । विश्वमा तिब्र गतिमा भएका विकासका गतिविधिलाई शिक्षाले नेतृत्व प्रदान गरिरहेको हुन्छ । समय सापेक्ष शिक्षा अघि बढ्दै जानु, शिक्षा सबैले प्राप्त गर्न पाउनु, शिक्षाले हरेक व्यक्ति र समाजलाई उन्नति, प्रगतिको बाटोमा डोऱ्याउनु पर्दछ भन्ने अवधारणालाई मध्यनजर गरी प्रत्येक राष्ट्रले आफ्नो शैक्षिक कार्यक्रमलाई संचालन गरेको पाइन्छ ।

नेपालको इतिहासमा प्राचिन समयदेखि नै विभिन्न माध्यमबाट (देवालय, गुरु आश्रम, वौद्ध विहार) शिक्षा लिने दिने परिपाटी चलिआए तापनि औपचारिक शिक्षाको थालनी भने वि.सं. १९१० असोज २७ गते श्री ३ जंगबहादुरले अंग्रेजी माध्यमको स्कुल खोलेदेखि भएको पाईन्छ (अधिकारी, २०६७) । समय-समयमा शिक्षाका संरचनाहरुमा फेरवदल भैरहेको पाईन्छ । यसरी शिक्षाका संरचनाहरुमा फेरवदल हुनमा छिमेकी तथा सम्पन्न राष्ट्रहरुको शैक्षिक संरचना र पद्धतिले असर पारेको देखिन्छ । त्यस्तै, नेपाल राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०११ ले शिक्षाका राष्ट्रिय उद्देश्य, पाठ्यक्रम शिक्षण विधि, शिक्षक तालिम, परीक्षा तथा विद्यालय संचालन, सबै तहको तहगत उद्देश्य आदि विषयहरुमा सुझाव पेश गरेको थियो (दवाडी, २०६७, पे. ३०) । यसै क्रममा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ मा उच्च माध्यमिक विद्यालयलाई क, ख, ग, घ गरी चारवटा समूहमा विभाजन गरी संचालनमा ल्याउनु पर्ने उल्लेख छ (अधिकारी, २०६६, पे. २५८) ।

क वर्ग- मानविकि सम्बन्धी विषय र स्वदेशी र विदेशी भाषा समावेश गरिएको जस्तैः भूगोल, इतिहास, अर्थशास्त्र, नेपाली, अंग्रेजी आदि । ख वर्ग- विज्ञान शाखा र गणित समावेश जस्तैः फिजिक्स, बायोलोजी आदि । ग वर्ग- व्यवसायमूलक विषयहरु समावेश जस्तैः शिक्षा, गृहविज्ञान, उद्योग कला आदि । घ वर्ग- संस्कृतका विषय समावेश जस्तैः वेद, न्याय व्याकरण आदि ।

त्यस अवस्थामा विभिन्न वर्ग अनुसार कक्षा ११ को लागि निम्नानुसारको पाठ्यक्रम तय गरिएको थियो ।

| क्र.सं. | विषयहरु | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
|---|---|---|---|---|---|
| १ | आफ्नो विषय कुनै २ | ६०० | ६०० | ६०० | ६०० |
| २ | नेपाली | २०० | २०० | २०० | २०० |
| ३ | अंग्रेजी | २०० | २०० | २०० | आफ्नो ९ र १० मा पढेको विषय वा अंग्रेजी- २०० |
| | जम्मा | १००० | १००० | १००० | १००० |

यसरी कक्षा ११ मा जम्मा १००० पूर्णाङ्क कायम गरिएको थियो । उत्तीर्णाङ्क ४०, प्रथम श्रेणी ६०, डिस्टिङ्सन ७५ प्रतिशत हुनुपर्ने । प्र.अ.को अध्यक्षतामा गठित शिक्षक समेतको कमिटी रहने व्यवस्था थियो (अधिकारी, २०६६, पे. २५८) ।

यसैगरी रा.शि.प.यो. २०२८-३२ ले पनि उ.मा.वि. को अवधारणालाई परिवर्तन र परिमार्जन गर्दै तत्कालिन पञ्चायति व्यवस्था अनुकूल पाठ्यक्रम थप गरेर सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ अनुरुप नै शिक्षण कार्यक्रम अगाडि बढाउँदै आएको पाइन्छ ।

शिक्षाको नीति तथा संरचनाहरुलाई परिवर्तन तथा परिमार्जन गर्ने क्रममा नेपालमा विद्यमान माध्यामिक शिक्षा परिपाटीको संरचना पटक-पटक परिवर्तन भएको पाईन्छ । देशको बढ्दो शैक्षिक माग र दक्षिण एसियाली मुलुकहरुमा प्रमाणपत्र तहलाई विद्यालयको संरचना भित्र समावेश गरिएको अवस्थामा उच्च माध्यमिक शिक्षाको आवश्यकताको महसुस गरी वि.सं. २०४५ साल चैत्र १६/१७ गते झापामा प्रथम राष्ट्रिय भेला आयोजना गरियो । उक्त भेलाले उच्च माध्यमिक शिक्षालाई शिक्षाको राष्ट्रिय संरचना भित्र समावेश गर्न सुझाव पेश गऱ्यो । त्यसैगरी उच्च माध्यमिक शिक्षासम्बन्धी दोस्रो राष्ट्रिय गोष्टी वि.सं. २०४६ जेष्ठ ३० र ३१ गते काठमाडौंमा आयोजना गरी गुणस्तरयुक्त, मध्यम स्तरीय जनशक्ति उत्पादन गर्न प्रचलित १० वर्षे विद्यालय शिक्षामा २ वर्षको एक शैक्षिक तह थप गर्नुपर्ने निष्कर्ष निकालियो । उक्त तहको शिक्षाको स्वरुप/स्तर संचालन र नियन्त्रण समेतको व्यवस्था गर्न वि.सं. २०४६ कार्तिक ११ गते उच्च माध्यमिक शिक्षा ऐन २०४६ को व्यवस्था भयो । यसैक्रममा वि.सं. २०४६ फागुन १२ गते उच्च माध्यमिक शिक्षा परिषद्को सचिवालय स्थापना भयो । त्यसपछि उच्च माध्यमिक शिक्षाको आवश्यक पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०४९/५० देखि उच्च माध्यमिक विद्यालयहरु संचालन हुँदै आएका छन् (श्रेष्ठ, २०६४, पे. ६४) ।

२०४६ सालमा भएको राजनैतिक परिवर्तन पछि नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुरक्षित मानव अधिकार तथा प्रजातान्त्रिक मूल्य मान्यताको साथै सामाजिक न्याय शिक्षाको समान अवसरका धारणा र राष्ट्रिय आकांक्षा तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई समेत मनन गरी शिक्षा सन्दर्भमा देखिएका विगतका कमिकमजोरीहरु पत्ता लगाइ शिक्षाको राष्ट्रिय उद्देश्य स्पष्ट गरी नीति निर्धारण गर्नेको निमित्त तत्कालिन श्री ५ को सरकारले २०४७ फागुन १४ गते राष्ट्रिय शिक्षा आयोग गठन गऱ्यो । विभिन्न परिवर्तन पश्चात २०४९ सम्ममा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ पेश गऱ्यो । उक्त आयोगले नेपालको विद्यमान माध्यमिक विद्यालयको संरचना १० वर्षको अतिरिक्त थप २ कक्षा बढाएर १२ वर्षे माध्यमिक शिक्षाको संरचना बनाउनु पर्ने सिफारिस गरेको थियो, जुन धारणाले गर्दा उच्च माध्यमिक शिक्षा संचालन हुन थप मद्दत पुगेको पाईन्छ । यस आयोग (शिक्षा मन्त्रालय, २०४९) ले उच्च माध्यमिक शिक्षाको आवश्यकतालाई निम्नानुसार उठाएको थियो ।

- एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरुलाई माध्यमिक विद्यालयकै शैक्षिक वातावरणमा शिक्षकको निगरानीमा अध्ययन गराउनु बढी उपयुक्त हुन्छ ।
- अधिकांश अभिभावकहरुलई बालबच्चाहरुको उच्च शिक्षा अन्तर्गत प्रमाणपत्र तहको लागि हुने खर्चमा कटौती हुन गइ राहत मिल्नेछ ।
- उच्च माध्यमिक शिक्षा दिँदा संचालन खर्च कम हुन्छ, भने शैक्षिक योग्यता पुगेका शिक्षकहरुलाई रोजगार र आफ्नो व्यक्तित्व विकासको अवसर मिल्दछ ।
- व्यवसायमूलक उच्च माध्यमिक शिक्षाको व्यवस्था गरी विद्यार्थीहरुलाई विद्यालय शिक्षा प्राप्त गर्ने वित्तिकै कमाएर खान सक्षम गराउन सकिने हुन्छ ।
- विश्व विद्यालयलाई उच्च शिक्षाको क्षेत्रमा बढी समय दिइ त्यस तहको शिक्षामा स्तरीकृत ल्याउने कार्यमा सक्रिय हुने अवसर मिल्ने छ ।
- विद्यालय शिक्षा र उच्च माध्यमिक शिक्षा बीचको दुरी कम हुन् गई उत्तीर्ण दरमा वृद्धि हुन्छ ।
- ग्रामीण छात्रछात्राहरुलाई समेत शिक्षा प्रदान गर्ने शुलभ अवसर प्राप्त भई शिक्षामा समान अवसरको सृजना हुन जानेछ ।

त्यसैगरी उच्च माध्यमिक शिक्षा संचालन भई सकेपछि राष्ट्रको तत्कालिन शिक्षा नीति कार्यक्रम तथा संगठनको अध्ययन एवं विश्लेषणद्वारा राष्ट्रिय आवश्यकता अनुसार स्वाबलम्बी र दक्ष जनशक्ति निर्माण गर्नको निम्ति तत्कालिन नीति कार्यक्रम र संगठनात्मक स्वरुपको अझ बढी सुदृढीकरण गर्दै अधिराज्य भर संचालित शिक्षा प्रणालीको पुनरावलोकन र अध्ययनका आधारमा ३१ औं शताब्दीमा प्रतिस्पर्धी गर्ने सक्ने जनशक्तिहरु तयार गर्नका लागि समय-सापेक्ष नीति तयार पारी प्रतिवेदन पेश

गर्ने उद्देश्यले स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को गठन भएको थियो । जसले उच्च माध्यमिक शिक्षा सम्बन्धी प्रमुख समस्याहरु तथा मुद्दाहरु उठाएको थियो ती निम्न प्रकारका रहेका थिए ।

- उच्च माध्यमिक तहको संरचना र व्यवस्थापनमा विभिन्नता ।
- शिक्षक-विद्यार्थीहरुको बाहुल्यता ।
- आंशिक शिक्षकहरुको बाहुल्यता ।
- सम्बन्धन दिँदा सामाजिक न्यायको अभाव,
- नंसाङ्कन कार्यको अभाव,
- योग्य शिक्षकको अभाव,
- स्थायित्व र सुविधा विस्थिति
- शुल्क र गुणस्तरमा विभेद ।
- भौतिक पूर्वाधारको अभाव (उ.रा.शि.आ. २०५५) ।

दशौं योजना (२०५९-०६३) ले उच्च माध्यमिक तहलाई विद्यालय शिक्षाको अन्तिम बिन्दुको रुपमा अंगिकार गरी सोही अनुरुपको संस्थागत व्यवस्था मिलाउने र विद्यालयको शिक्षा संरचनामा सुधार गर्ने एवं त्रिभुवन विश्वविद्यालयबाट प्रविणता प्रमाण पत्र तह क्रमश: विस्थापन गर्दै उच्च माध्यमिक तहमा समाहित गर्ने उचित व्यवस्था मिलाउने नीति लिएको छ । उच्च माध्यमिक तहलाई विद्यालय शिक्षाको अन्तिम बिन्दुको रुपमा मानी सोही अनुरुपको संस्थागत एवं व्यवस्थापकीय सुधार गर्ने, तदनुरुप अलग्गै बोर्डको लागि ऐनको तर्जुमा गर्ने, उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षाको व्यवस्थापकसँग एकीकृत गर्न सम्बन्धित ऐन तथा नियमावलीहरुमा संशोधन गरी एकीकृत विद्यालयहरुमा सशोधन गरी एकीकृत विद्यालय शिक्षा ऐनको तर्जुमा गर्ने, शिक्षा विभागलाई विद्यालय शिक्षा १-१२ को व्यवस्थापन गर्ने जिम्मेवारी दिईने जस्ता नीतिगत कानूनी एवं संस्थागत सुधार गर्ने यस योजनाको लक्ष्य रखेको छ (रा.यो.आ. २०४९) ।

### १.१.१ उच्च माध्यमिक शिक्षाको वर्तमान स्थिति

२०४९ सालमा उच्च माध्यमिक शिक्षा परिषद्को गठन भए पछि २०४९ साल कै शैक्षिक सत्रदेखि ३८ वटा उ.मा. विद्यालयहरुमा पठनपाठन सुरु भएदेखि हालसम्म सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयको संख्या ११९७ पुगेको छ । २०४९ सालमा जम्मा १३४३ जना विद्यार्थीहरु परीक्षामा सहभागी भएका थिए भने हाल ११९७ विद्यालयहरुमा कक्षा ११ मा करिब १,५६,७४४ र कक्षा १२ मा १,१३२,००० गरी कुल २,६८,७४४ नियमित रुपमा अध्ययनरत छन् (उ.मा.शि.प.

२०६४) । प्रत्येक वर्ष विद्यार्थीहरुको संख्या बढ्दो क्रममा छ । त्यस्तै गरी सम्बन्धन प्राप्त गर्ने (उ.मा.वि. को संख्या पनि पढ्ने क्रममा नै रहेको पाईन्छ । आ.व. ०६६/६७ सम्मको उ.मा.वि. को संख्या २५१० रहेको पाईन्छ भने सामुदायिक उ.मा.वि. को संख्या १७७१ रहेको छ ।

### १.१.२ उच्च माध्यमिक शिक्षाको पाठ्यक्रम

उच्च माध्यमिक शिक्षा परिषद्ले संकायगत रुपमा पाठ्यक्रमलाई विस्थापित गरेको भएता पनि अझै संकायगत रुपमा विद्यालयहरु संचालन भएको देखिन्छ । उच्च माध्यमिक शिक्षा परिषद् आफैले पनि विज्ञान संकाय भनि छुट्टै नतिजा प्रकाशन गरेको कारण परिषद अझै पनि संकायगत मनस्थितिबाट मुक्त छैन । तर पनि एकलपथ पाठ्यक्रम वि.सं. २०५५ को शैक्षिक सत्रदेखि निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो, जसअनुसार कक्षा ११ का लागि ४१ विषय र कक्षा १२ को लागि ४३ विषयको पाठ्यक्रम तयार गरिएको थियो भने पाठ्यक्रम कार्यान्वयन तथा विषय छनोट निर्देशिका २०५६ (परिमार्जन २०६०) प्रकाशन गरी कार्यान्वयनमा ल्याईएको थियो । कक्षा ११ को ४४ विषय र कक्षा १२ को ५४ विषय मात्र छनोट गरी अध्ययन गर्नुपर्ने व्यवस्था रहेकोमा हालको परिमार्जनबाट कक्षा ११ मा ५५ विषय र कक्षा १२ मा ५५ विषयमध्येबाट छनोट गरी चर्तुथ पत्रमा १५ विषय समेत गरी कुल १२५ विषयमा पठनपाठन गर्न सकिने व्यवस्था गरिएको छ । साथै यो व्यवस्थाबाट विज्ञान शिक्षा र शैक्षिक जनशक्ति विकास केन्द्रबाट संचालित १० महिने शिक्षक तालिम प्राप्त जनशक्तिलाई पनि छुट्टै पाठ्यक्रम बनाई शिक्षाको संरचनामा समायोजन गरिनुका साथै संस्कृत विषयमा समेत उच्च माध्यमिक तहमा पठनपाठनका लागि ढोका खोली दिएको छ (खड्का, २०६६) ।

पाठ्यक्रम कार्यान्वयन तथा विषय छनोट निर्देशिका परिमार्जित २०६० का अनुसार उच्च माध्यमिक तहमा कक्षा ११ र १२ गरी दुवैमा ५५/५५ विषय अध्ययन क्षेत्र भित्र समेटिएको हुन्छ भने त्यसमा पनि विज्ञान विषय समूहका लागि कक्षा ११ र १२ गरी दुवैमा ५००/५०० पूर्णाङ्क (कूल १०००) अध्ययन गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ, भने त्यसैगरी संस्कृत विषय समूहका लागि पनि कुल १००० पूर्णाङ्कमा ७०० ईच्छाधिन र ३०० अनिवार्य कक्षा ११ र १२ को व्यवस्था गरिएको छ । त्यसैगरी वाणिज्य तर्फ कक्षा ११ र १२ का जम्मा १००० पूर्णाङ्कमा ७०० ईच्छाधिन र ३०० पूर्णाङ्कको अनिवार्य विषय तोकिएको पाईन्छ । त्यस्तै शिक्षा संकाय तर्फ पनि कक्षा ११ र १२ मा जम्मा १००० पूर्णाङ्क र ७०० ईच्छाधिन र ३०० अनिवार्य विषय तोकिएको पाईन्छ भने एवम् प्रकारले मानविकि संकाय तर्फ पनि त्यसै प्रकारको विषयवस्तुहरु

तोकेर शिक्षण कार्यक्रमको तर्जुमा गरेको पाईन्छ । अब यहाँ शिक्षा संकायको जम्मा पूर्णाङ्क त्यसैमा कक्षा १२ को अन्तमा गरिने ५० पूर्णाङ्कको प्राक्टिकम विषयको बारेमा कुरा गर्नु पर्दा निम्न तालिकाबाट प्रष्ट हुन सकिन्छ ।

पाठ्यक्रम मूल समूह विभाजन (कक्षा ११ र १२)

| क्र.सं. | शिक्षा संकाय तर्फ विषयहरु | कक्षा ११-१२ | जम्मा पूर्णाङ्क |
|---|---|---|---|
| १ | अनिवार्य | ३०० | ३०० |
| २ | ईच्छाधिन | ७०० | ७०० |
| ३ | प्राक्टिकम | ५० | ५० |
| | जम्मा | १०५० | १०५० |

वि.सं. २०६५ सालको शैक्षिक सत्रदेखि उच्च माध्यमिक शिक्षा परिषद्ले उच्च माध्यमिक तह अन्तर्गत कक्षा ११ को पाठ्यक्रम परिवर्तन गरी शिक्षाको परिचय र शिक्षण विधिलाई अनिवार्य विषय गरिएको छ । यी विषयहरुको पूर्णाङ्क ५०/५० गराईएको छ । कक्षा १२ मा भने १०० पूर्णाङ्कको बालविकास सिकाई र ५० पूर्णाङ्क शैक्षणिक मूल्याङ्कन विषयको तय गरिएको छ ।

यसरी हिजोका दिनदेखि वर्तमान अवस्थासम्म आईपुग्दा नेपालको शिक्षा र शैक्षिक अवधारणा साथै पाठ्यक्रममा आएको फेरवदल जस्तैः शैक्षिक संरचनाहरुमा पनि परिवर्तन गरिँदै वर्तमान अवस्थाको १२ कक्षासम्मको माध्यमिक विद्यालयको अवधारणा आईसकेको छ भने उता तर्फ उच्च माध्यमिक शिक्षा परिषद्द्वारा संचालित उच्च मा.वि.हरु र तिनीहरुको शैक्षणिक अवस्था साथै स्वच्छ छवि, स्पष्ट दृष्टिकोण, विषयवस्तु प्रतिअनुभवी शिक्षकको पहिचान गर्न संचालित अभ्यास शिक्षण कार्यक्रमलाई मुख्य केन्द्र बिन्दु बनाएर वास्तवमा अभ्यास शिक्षण के हो त ? के अभ्यास शिक्षण पाठ्यक्रम अनुसार कार्यान्वयन भैरहेको छ ? अभ्यास शिक्षणलाई कसरी/कति मात्रामा व्यवहारमा ल्याउन सकिएको छ ? साथै कार्यान्वयनमा के कस्ता समस्या आई परेका छन् ? आदि जस्ता प्रश्नहरुको खोज गर्नमा नै यस शोध पत्रमा पनि "उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था" भन्ने शीर्षक छनोट गरिएको छ । यसै शीर्षकलाई विशेष महत्वका साथ हेरी तोकिएका उद्देश्यहरुमा नै यो अध्ययनलाई केन्द्रित गरिएको छ ।

## १.२ समस्याको कथन

कुनै पनि अध्ययनलाई अगाडि बढाउनुको कारण हुन्छ । त्यो आफैमा एउटा समस्याको रुपमा रहेको हुन्छ । यस शोध अध्ययनमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थालाई एउटा यस्तो समस्याको रुपमा उल्लेख गर्न खोजिएको छ

कि नेपाल अधिराज्यमा भएका २५१० वटा उ.मा.वि. मध्ये १७७१ वटा सामुदायिक उ.मा.वि. छन् (स्रोतः उ.मा.शि.प. २०६४) । यसरी संचालित उ.मा.वि. हरु सहरी तथा सुगम क्षेत्रमा तथा ग्रामीण र विकट स्थानहरुमा समेत संचालित रहेका छन् । यस अध्ययन भित्र छनोटमा परेको जिल्ला बझाङ्ग विकासका हरेक पक्षमा पछाडि परेता पनि २०६७ सम्मको शैक्षिक तथ्याङ्क हेर्दा २९ वटा उ.मा.वि. संख्या रहेका छन् (स्रोतः जि.शि.का. बझाङ्ग, २०६७) । जहाँ कमजोर भौतिक तथा आर्थिक पक्षमा आएका कमजोरीका कारण संचालित सामुदायिक उ.मा.वि.हरु त्यति राम्रो ढंगबाट संचालन हुन नसकेको अवस्था रहेको छ (स्रोतः जि.शि.का बझाङ्ग, २०६७) । जे होस् गरिब तथा निमुखा जनताका छोराछोरीहरुको पठनपाठन कार्यमा सहजता भएको कारण खुसी नै व्यक्त गर्न सकिन्छ ।

शिक्षा संकाय तर्फको कक्षा १२ को अभ्यास शिक्षणको पाठ्यांश एउटा प्रयोगात्मक पाठ्यांश भएकोले यस संकायका अध्ययन गर्ने विद्यार्थीहरु भविष्यमा गएर एउटा असल शिक्षक वा शिक्षा कर्मचारीका अन्य पेशा अपनाउने रहन्छ । शिक्षण पेशा एउटा प्राविधिक पेशा मानिन्छ यसको लागि उचित शिक्षण सीप र शिक्षण रणनीतिहरुको ज्ञानको आवश्यकता पर्दछ । उल्लेखित सम्पूर्ण सीप तथा कलाको विकास गराउन अभ्यास शिक्षण कार्यक्रमले उल्लेखनीय भूमिका खेल्ने छ ।

अतः अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन पक्षको गहन अध्ययन गरी आगामी दिनहरुमा प्रभावकारी रुपमा यस कार्यक्रम संचालन गर्ने आवश्यक रणनीति र तरिकाहरु सम्बन्धी उचित सल्लाह र सुझाव दिन सकेमा नै अध्ययनको सार्थकता खुल्दछ ।

तसर्थ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन पक्षको अध्ययन गर्न यो शोध कार्य अगाडि बढाईएको छ । यस पृष्ठभूमिमा यस अध्ययनबाट निम्न समस्या उठान गरी समस्याको समाधान खोजिएको छ ।

- उच्च माध्यमिक तहमा शिक्षा संकायतर्फ कक्षा १२ मा अभ्यास शिक्षण कार्यक्रम कसरी संचालन गरिन्छ ?
- अभ्यास शिक्षण कार्यक्रम पाठ्यक्रम अनुसार कार्यान्वयन भएको छ ?
- यस कार्यक्रमले छात्र शिक्षकहरुमा शिक्षण सीप र अन्य पक्षहरुमा निपूर्णता प्रदान गर्न सकेको छ ?
- अभ्यास शिक्षण कार्यक्रम प्रति छात्र शिक्षक, सुपरिवेक्षक, सहयोगी विद्यालयका शिक्षकको अभिमत कस्तो छ ?
- कार्यक्रमको संचालन समय र निर्देशिका अनुरुप देखिन्छ ?

- कार्यक्रम संचालन गर्दा कुन कुन निकाय वा व्यक्तिहरुले के कस्ता समस्या भोग्नु परेको छ ?
- समस्या समाधानका उपायहरु के के हुन् सक्छन् ?
- आगामी दिनहरुमा यस कार्यक्रमलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्न के कस्ता कदमहरु चाल्नु पर्ला ?

## १.३ अध्ययनको महत्व

कुनै पनि अध्यनको आफ्नै महत्व रहेको हुन्छ । यस शोध अध्ययनमा पनि उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था शीर्षक माथि तोकिएका उद्देश्यहरुलाई केन्द्रित गरी आवश्यक पक्षहरुको बारेमा पहिचान गर्नमा नै यस अध्ययनको महत्वलाई प्रष्ट पार्न खोजिएको छ । आज देशका तमाम युवा विद्यार्थीहरु जुन शिक्षा संकायमा अध्ययनरत छन् जसको भविष्य शिक्षा लिने मात्र नभएर दिने काममा पनि अग्रसर भएको हुन्छ । अझै यसलाई शीर्षक उन्मुख गरेर भन्नु पर्दा कक्षा १२ को अन्तमा संचालन गरिँदै आएको अभ्यास शिक्षण कार्यक्रममा तमाम विद्यार्थीहरुले संलग्न हुनु पर्दछ । जुन भविष्यका असल शिक्षक बन्नु पर्ने हुन्छ । तिनीहरुको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थालाई मध्यनजर गर्न खोजिएको छ । शिक्षक पेशा आफैमा पनि प्राविधिक पेसा भएको हुँदा यस पेशामा संलग्न व्यक्तिमा कला, सीप, अभिवृद्धि साथै शैक्षणिक रणनीति हुनु जरुरी मानिन्छ । तसर्थ एउटा शिक्षककमा शिक्षण सीप तथा कलाको विकास गराउन अभ्यास शिक्षण कार्यक्रमले विशेष भूमिका खेल्न सक्छ । यस अध्ययनको शीर्षकले त अझै शिक्षण पेशामा संलग्न व्यक्ति हुन वा शिक्षण पेशामा अग्रसर व्यक्ति जो कोहिको लागि पनि सकारात्मक सन्देश दिने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । बुँदागत रुपमा उल्लेख गर्नु पर्दा यस अध्ययनबाट :

- उच्च माध्यमिक शिक्षा परिषद्लाई अभ्यास शिक्षण सम्बन्धी आवश्यक योजना तर्जुमा तथा नीति नियम निर्माण गर्नमा सहयोग मिल्नेछ ।
- उच्च माध्यमिक विद्यालयहरुद्वारा आगामी दिनहरुमा संचालन गरिने अभ्यास शिक्षण कार्यक्रममा सुधार गर्न मद्दत मिल्नेछ ।
- अनुसन्धानकर्तालाई यस विषयमा थप गहिरो अध्ययनको लागि बाटो खोल्ने छ ।
- पूर्व सेवा कालिन तथा सेवाकालिन ज्ञान र सीप अभिवृद्धि गर्न सहयोग गर्नेछ ।
- अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आउने रेका समस्याहरुलाई समाधान गर्न सहयोगी बन्ने छ ।
- असल शिक्षक आवश्यक मार्ग दर्शन गर्नेछ ।

- अभ्यास शिक्षण कार्यक्रम संचालन गर्न सम्बन्धित निकायहरुलाई सुझावको रुपमा काम गर्नेछ ।
- देशको राष्ट्रिय शैक्षिक नीति निर्माण गर्ने र उच्च माध्यमिक शिक्षामा सुधार ल्याउन सुझावको रुपमा रहनेछ ।

## १.४ अध्ययनको उद्देश्य

उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था नामक शीर्षक छनोट गरी विगतदेखि वर्तमानसम्म आईपुग्दा पनि अभ्यास शिक्षण सम्बन्धी उचित मात्रामा ज्ञान, सीप नहुँदा तमाम शिक्षकहरुले आफ्नो पेशामा झारो टार्ने कार्यमात्र गरेको भेटिन्छ । यसै समस्यालाई तथा मूल शीर्षकलाई मध्यनजर गरी यस शोध अध्ययनमा निम्न उद्देश्यहरु तय गरिएको छ-

क) अभ्यास शिक्षण शिक्षणको नीतिगत प्रावधानहरु पहिचान गर्नु ।

ख) अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।

ग) अभ्यास शिक्षणले शिक्षकको शिक्षण सीपमा ल्याएको परिवर्तनको पहिचान गर्नु ।

घ) अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आएका समस्याहरु पहिचान गर्नु

## १.५ अध्ययनको सीमा

कुनै पनि अनुसन्धान गर्दा निश्चित परिधि वा सीमाभित्र रही गर्नु बढी प्रभावकारी हुने भएकोले यस अनुसन्धानलाई पनि निम्न लिखित सीमा भित्र राखी अध्ययन अगाडि बढाईएको छ ।

१. यो अनुसन्धान बझाङ्ग जिल्लाका शिक्षा विषय अध्ययन गर्ने उच्च माध्यमिक विद्यालयहरुमा मात्र सीमित गरिएको छ ।

२. बझाङ्ग जिल्लामा शिक्षा विषय अध्यापन हुने २९ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयहरु मध्ये सुविधाका आधारमा ३ वटा उ.मा.वि. हरु कोटभैरव, भैरवनाथ र पाराकाट्ने गा.वि.स. मा अध्ययनलाई सीमित गरिएको छ ।

३. बझाङ्ग जिल्लामा शिक्षा संकायका विषयहरु अध्ययन गरिरहेका करिब १७९० (शैक्षिक तथ्याङ्क बझाङ्ग) विद्यार्थीहरुमध्ये छानिएका विद्यालयहरुका कक्षा १२ मा अंग्रेजी, स्वास्थ्य र नेपाली मुख्य विषय लिइ अध्ययन गरिरहेका विद्यार्थीहरुबाट (अंग्रेजी १५, नेपाली ३० र स्वास्थ्य विषयका ४० जना विद्यार्थीहरु) गोलाप्रथाका आधारमा हरेक विषयमा १०-१० जना विद्यार्थीहरु पर्ने गरी जम्मा ३० जनाको मात्र कक्षा अवलोकन गरिएको छ ।

४.	कक्षा अवलोकनका लागि छात्र शिक्षकले अध्यापन गराई रहेका सहयोगी विद्यालय मध्ये अंग्रेजी, नेपाली र स्वास्थ्य विषयका छात्र शिक्षकहरु बढी भएका ५ वटा सहयोगी विद्यालयलाई सुविधाको आधारमा छनोट गरिएको छ ।

## १.६ अध्ययन क्षेत्रको परिचय

यस शोध अध्ययन कार्यलाई संचालन गरी उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा विस्तृत जानकारी लिनको लागि अध्ययन क्षेत्रको रुपमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्र भित्र पर्ने बझाङ्ग जिल्लालाई मुख्य अध्ययन क्षेत्रको रुपमा छनोट गरिएको छ । यस जिल्ला भित्र पर्ने २९ वटा उ.मा.वि. हरु मध्येबाट सजिलोको आधारमा ३ वटा उ.मा.वि. नमूना छनोट भित्र राखिएको छ । यहाँ अध्ययन क्षेत्र बझाङ्ग जिल्लाको विस्तृत जानकारी दिनु पर्दा- भौगोलिक स्थितिका आधारमा पूर्वमा बाजुरा र हुम्ला जिल्ला, पश्चिममा बैतडी र दार्चुला, उत्तरमा हुम्ला र चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ भने दक्षिणमा डोटी र अछाम जिल्ला रहेका छन् । सुदूरपश्चिमको पहाडी जिल्ला बझाङ्ग अक्षांश र देशान्तरको हिसावमा २९°२९' देखि ३०°९' उत्तरी अक्षांश र ८०°४६' देखि ८१°३४' पूर्वी देशान्तरमा रहेको छ । उचाईका हिसावमा सबैभन्दा होचो ठाउँ देउरा जुन समुन्द्री सतहदेखि ५०० फिट रहेको छ भने सबभन्दा अग्लो क्षेत्र काँडा गा.वि.स. २३,००० फिटसम्मको उचाईमा रहेको छ । यहाँको वार्षिक औषत वर्षा ५०-१५० मि.मि. हुन्छ भने औसत तापक्रम अधिकतम २०° देखि ३२° डिग्री. से. न्यूनतम २° देखि ७° डिग्री से. सम्म रहने गर्दछ ।

राजनैतिक स्थितिका आधारमा- सुदूरपश्चिमाञ्चल विकास क्षेत्र, सेती अञ्चल, निर्वाचन क्षेत्र संख्या २, ईलाका क्षेत्र संख्या ११, कुल गा.वि.स. संख्या ४७ र नमूना गा.वि.स. (२ वटा (रिलु र सुनुकुडा) रहेका छन् । भू-उपयोगको कुरा गर्नु पर्दा कुल क्षेत्रफल ३४२२ वर्ग कि.मि. रहेको छ भने जनसंख्या २०५८ अनुसार कुल जनसंख्याको कूल घरधुरी संख्या २८,५८८, सरदर परिवार संख्या ५.८, जनघनत्व प्रति वर्ग कि.मि. ४५ जना, लैङ्गिक अनुपात १: १.०८ (२०५८ को प्रक्षेपित), आर्थिक स्तरमा क्रियाशिल जनसंख्या (१८ वर्ष माथि) ८१,४५६ (०५८) रहेको पाईन्छ भने जातिगत आधारमा- ब्राम्हण ३३.१ प्रतिशत, क्षेत्री ४१ प्रतिशत, दलित १९.७ प्रतिशत, अन्य ६.२ प्रतिशत रहेको छ । त्यस्तै शैक्षिक स्थिति साक्षरता प्रतिशत कुल ३८ प्रतिशत, महिला साक्षरता १६ प्रतिशत, पुरुष ६० प्रतिशत रहेको छ भने विद्यालय विवरण हेर्दा सामुदायिक र संस्थागत गरी (२०५८ अनुसार) जम्मा प्रा.वि.स. २३०, नि.मा.वि. ३७, मा.वि. ३०, उ.मा.वि. २५ तर (हाल २०६६/६७ २९ वटा) रहेका छन् भने क्याम्पस संख्या ४ वटा रहेको पाईन्छ । साथै विशेष शिक्षा दृष्टिबिहिन २ र सुस्त मनस्थिति २ वटा गरी जम्मा ४ वटा छन् ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषयवस्तुको बारेमा अध्ययन गर्नु पर्दा त्यससँग सम्बन्धित पूर्व अध्ययनहरुलाई विशेष समीक्षा गरिनु पर्दछ जसले गर्दा अध्ययन गर्न खोजिएको विषयवस्तुलाई अझ नयाँ ढंगबाट अगाडि बढाउन खोजिएको होस् । त्यसका साथै अध्ययन गर्न थालिएको अनुसन्धान नयाँ होस्, नदोहोरियोस् भन्नका लागि तथा अनुसन्धानका समस्यालाई प्रष्ट पार्न अध्ययन विधिलाई सुधार गर्न तथा सम्बन्धित विषयमा ज्ञानको क्षेत्रलाई फराकिलो पार्न अनुसन्धान कार्य थाल्नु भन्दा अगाडि आफ्नो शीर्षकसँग मेल खाने पूर्व गरिएका अनुसन्धान, पाठ्यपुस्तक, पत्रपत्रिका, बुलेटिन आदिको समीक्षात्मक अध्ययन गर्न आवश्यक हुन्छ । यस शोध अध्ययन प्रस्तावना तयार गर्दा अध्ययन गरिएका साहित्यको समीक्षा निम्नानुसार गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको समीक्षा

सैद्धान्तिक साहित्यको समीक्षा अन्तर्गत उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था सैद्धान्तिक पक्षमा विभिन्न योगदान पुऱ्याएका व्यवहार वादी सिद्धान्तकार र मनोवैज्ञानिक सिद्धान्तकारहरुले दिएका सिद्धान्त र शिक्षण पद्धति (अभ्यास) को बारेमा उल्लेख गरिएको छ ।

थर्नडाईक (१८७४-१९४९) ले प्रयत्न र भूल सिकाइ सिद्धान्तको प्रतिपादन गरी एउटा भोकाएको बिरालो माथि गरेको प्रयोगबाट यस सिद्धान्तको प्रतिपादन गर्नमा सफलता हासिल गरेका थिए । यसरी प्रयत्न र भूलको सिद्धान्त प्रतिपादन गर्ने क्रममा सिकाईमा थर्नडाइकले तीन प्रकारको नियम लागु हुने सिद्धान्त प्रतिपादन गरेका थिए ।

क) तयारीको नियमः सिकारु सिक्नका लागि हुनु पर्ने स्वयम् तत्पर भएका अवस्थामा मात्रै सिकाइ सम्भव हुने ।

ख) अभ्यासको नियमः बारम्बारको अभ्यासद्वारा मात्रै सिकाइ सम्भव हुन्छ । निरन्तर अभ्यास गर्न सकेमा मात्रै प्रयत्न र भूल अनुसार सिकाइ सम्भव हुन्छ ।

ग) प्राभवको नियम : सिक्ने विषयवस्तुले सिकारुमा प्रभाव जमाउन सक्नु पर्दछ, अन्यथा सिकाइ हुन सक्दैन ।

यसरी थर्नडाइकले प्रतिपादन गरेको प्रयत्न र भूलको सिद्धान्त मार्फत व्यवहार परिवर्तनमा ल्याउन माथिका ३ वटा नियमको जरुरी पर्दछ, जसले गर्दा हरेक बालकको सिकाईमा पनि प्रयत्न र भूलको सिद्धान्त लागु हुन्छ ।

अभ्यास शिक्षणमा उपयोगः अभ्यास शिक्षणमा संलग्न शिक्षकलाई समस्या समाधान गर्न अथक प्रयास गर्ने बानीको विकास गर्न, सिकाइ गलत तरिकाबाट गर्दा गर्दै पनि सिकिन्छ भनेर तयारी अवस्थामा राख्न, शिक्षण सिकाइ क्रियाकलापमा अभ्यासको स्थान उच्च राखी सिकाइलाई प्रभावकारी बनाउन, पुरस्कार र दण्डको भूमिकालाई व्यवहारमा उतार्न (अधिकारी, २०६६/०६७, पे. १३४)।

कोहलर (१८८७-१९६७) ले अन्तर्दृष्टि सिकाइ सिद्धान्तको प्रतिपादन गरी वन मान्छेलाई घेराबन्दी गरी खेल्ने ठाउँमा राखिएको उदाहरणबाट यस सिद्धान्तलाई प्रमाणित गरेका थिए । यस सिद्धान्तमा एउटा वनमान्छेलाई प्रत्यक्षीकरण देखि अन्तर्दृष्टिबाट आफ्नो सन्तुष्टि प्राप्त गर्न सम्म उसले गर्ने हरेक क्रियाकलापलाई सिकाईका चरणको रुपमा लिएका छन् । जस्तैः परिस्थितिको छानविन गर्नु, एकाग्र चित्रले ध्यान दिनु, प्रतिक्रिया प्रदर्शन गर्नु, ठीक प्रतिक्रियाको प्रेरणा प्राप्त गर्नु र प्रतिक्रियाको स्थायित्व कायम गर्नु ।

अभ्यास शिक्षणमा प्रयोग : शिक्षणका उद्देश्य निर्धारणमा प्रयोग गर्न सकिन्छ । उपयुक्त शैक्षिक सामग्रीको छनोटमा प्रयोग गर्न सकिन्छ । सिकाइ वातावरणलाई व्यवस्थित गर्नमा प्रयोग गर्न सकिन्छ । विद्यार्थीको सक्रिय सहभागिता बढाउनमा प्रयोग गर्न सकिन्छ (अधिकारी, २०६६/०६७, पे. १३७) ।

## २.२ विषयगत साहित्य

प्राथमिक शिक्षक तालिमले शिक्षण सिकाइमा पारेको प्रभाव सम्बन्धी बास्तोला (२०६२/०६३) द्वारा गरिएको शोध अध्ययन अनुसार- अभ्यास शिक्षण एक शिक्षण तालिम हो । यो सेवा प्रवेश गरेका वा नगरेका दुवै व्यक्तिहरुको लागि उपयोगी मानिन्छन् । शिक्षण सेवामा प्रवेश गर्नु पूर्व यसलाई पूर्व सेवाकालिन तालिमको रुपमा र सेवा प्रवेश गरिसकेकाहरुको लागि सेवाकालिन तालिमको रुपमा व्यवस्था गरिएको पाईन्छ ।

आचार्य (२०६२) ले अभ्यास शिक्षणको रुपरेखा शीर्षकको पत्रिकामा उल्लेख गरे अनुसार अभ्यास शिक्षणको संचालन नियन्त्रित अवस्थामा गरिन्छ किन भने छात्र शिक्षकहरु वास्तविक अभ्यास शिक्षण गर्दछन् तर उनीहरु सुपरिवेक्षक, प्रशासन, अभ्यास शिक्षण समिति, वाह्य परीक्षक र तोकिएका क्रियाकलापहरु आदिबाट नियन्त्रित हुन्छन् ।

शिक्षा विभाग (२०५९/०६०) को अभ्यास अनुसार ५९.३ प्रतिशत शिक्षकहरुले शिक्षण सिकाई क्रियाकलापहरुलाई प्रभावकारी र उपलब्धिमूलक ढंगबाट संचालन गरी शिक्षण गरेको कुरा उल्लेख गरेको छ । यसको साथै अध्ययनमा २८ प्रतिशत तालिम

प्राप्त वा अभ्यास शिक्षण समाप्त गरेका शिक्षकहरुले विद्यार्थीहरुलाई कक्षाकोठाको क्रियाकलापहरुमा संलग्न गराएको साथै ३६ प्रतिशत तालिम प्राप्त शिक्षकहरुले विद्यार्थीहरुलाई सक्रिय गराएको कुरा उल्लेख गरिएको छ ।

CERID (२०५९) को अध्ययन अनुसार ९३ प्रतिशत तालिम प्राप्त शिक्षकहरुले व्याख्यान, छलफल, प्रश्नोत्तर, अभ्यास, अभिनय, प्रदर्शन, प्रयोगात्मक विधिहरुको प्रयोग गरेको कुरा उल्लेख गरेको छ । जसअनुसार तालिम अप्राप्त र अभ्यास शिक्षणमा संलग्न नभएको शिक्षकले कक्षाकोठाको व्यवस्थापनमा उचित रणनीति अपनाउन नसकेको कुरा उल्लेख छ ।

पाण्डे (२०४४) 'शिक्षामा जनसहभागिता' नामक पुस्तकमा शिक्षा र मानव बीच नजिकको सम्बन्ध रहेको हुन्छ, शिक्षालाई व्यवस्थित तरिकाबाट सिक्न कक्षा व्यवस्थापन अति महत्वपूर्ण मानिन्छ । जुन एउटा असल शिक्षकले आफ्नो शिक्षण क्रियाकलाप आफ्नो प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न गराउन विशेष ध्यान दिनु पर्दछ ।

पौडेल (२०६४) 'नेपालको सन्दर्भमा विद्यालयमा आधारित व्यवस्थापक' नामक पुस्तकमा पम्परावादी शिक्षण पद्धतिभन्दा वैज्ञानिक शिक्षण पद्धति (गराईद्वारा सिकाइ) लागु गर्नु पर्दछ तब मात्र शिक्षण सिकाई प्रभावकारी हुन्छ भनी उल्लेख गर्नु भएको छ ।

भण्डारी (२०६७) ले शिक्षा पत्रिका शिक्षकको शिक्षण सीप शीर्षकमा उल्लेख गरे अनुसार- विद्यार्थी, समाज र राष्ट्रका लागि अनुकरणीय व्यक्तित्व शिक्षक नै भएकोले उसको जिम्मेवारी ज्यादै ठूलो मानिन्छ । वास्तवमा शिक्षक औपचारिक शिक्षण प्रक्रियाको महत्वपूर्ण अंग हो । विद्यार्थीलाई कस्तो शिक्षा दिने ? समाजलाई कसरी मार्ग निर्देश गर्ने ? सामाजिक मूल्य र मान्यता तथा संस्कृतिको विकास र संरक्षण कसरी गर्ने ? राष्ट्रिय गौरवलाई कसरी प्रभावकारी बनाउने जस्ता कुराहरु शिक्षकको जिम्मेवारी मानिन्छ । शिक्षाको गुणस्तर विकास गर्नको लागि प्रत्येक शिक्षकमा विषयवस्तुको प्रयाप्त ज्ञान, बाल मनोविज्ञानको ज्ञान, शैक्षिक सामग्री निर्माण र प्रयोग, शिक्षण विधि र कक्षाकोठामा गरिने सीपको प्रयोग हुनु पर्ने नितान्त आवश्यक देखिन्छ ।

अधिकारी (२०६६) माध्यमिक तह अध्यापन अनुमति पत्र पेज नं. ३९७ मा उल्लेख गरे अनुसार- कुनै पनि कार्य पूर्व तयारी साथ सुव्यवस्थित, सुनिश्चित रुपमा सम्पादन गर्नको लागि पूर्व तयारीको आवश्यकता पर्दछ । यहाँ पूर्व तयारीको कुरा गर्नु पर्दा शिक्षण कार्यमा गरिने पूर्वतयारी भनिएको हो । जस्तो यहाँ सम्बन्धित तहको पाठ्यक्रमको आधारमा शिक्षण अघिको पूर्व तयारी गर्न आवश्यक मानिन्छ । शिक्षण

अघिको पूर्व तयारी गर्दा मूलतः निम्न कार्य गर्नु जरुरी मानिन्छ- विषयवस्तु, उद्देश्य, शिक्षण विधि र मूल्याङ्कन त्यस्तै पाठ्यक्रमले तोके बमोजिम क्षेत्र, क्रम तथा विस्तृतीकरण साथै शिक्षण सामग्री आदिको बारेमा गरिने पूर्व तयारी पूर्ण गर्नु पर्दछ तब मात्र शिक्षकको पूर्व तयारी गरिएको मानिन्छ भने शिक्षण कार्य पूर्व शिक्षकमा निम्न कार्य हुन जरुरी मानिन्छ ।

- पाठ्यवस्तुको विस्तृत एवं स्पष्ट ज्ञान,
- बालकका अभिरुचि क्षमता र प्रवृतिको ज्ञान,
- व्यवहारिक उद्देश्य निर्माण गर्ने सीप,
- बालबालिकाको पूर्व ज्ञान वा पृष्ठभूमिको ज्ञान,
- शिक्षण विधिको ज्ञान आदि

ढकाल (२०६४) अभ्यास शिक्षण नामबाट नै स्पष्ट छ कि यो एक अभ्यास हो । शिक्षणलाई कला र विज्ञान दुवै रुपमा लिईन्छ । जसरी कला र विज्ञानमा विभिन्न सीपहरुको आवश्यकता हुन्छ । त्यसरी नै शिक्षणमा पनि विभिन्न प्रकारका नियमहरु र सीपहरुको आवश्यकता पर्दछ । शिक्षण पेशामा प्रवेश गर्न चाहने तथा प्रवेश गरिसकेका व्यक्तिहरुमा शिक्षण सीप र निपूर्णताको विकास गर्न संचालन गरिने शिक्षण अभ्यास नै अभ्यास शिक्षण हो ।

विष्ट (२०६०) को अनुसार शिक्षण सीपको विकास एक पटक मात्र दिईने तालिम तथा अभ्यासले मात्र पूर्ण हुन सक्दैन । अतः अभ्यास शिक्षणलाई पूर्व सेवाकालिन तालिम र सेवाकालिम तालिमको रुप प्रदान गरी निरन्तर संचालन गरिनु पर्दछ । अभ्यास शिक्षण मार्फत प्राप्त भएका अनुभव र सीपहरुलाई दैनिक शिक्षण कार्यमा लागु गर्दै जानु पर्दछ । यस कार्यमा समयसमयमा सभा, सम्मेलन, गोष्ठी आदि हुन आवश्यक देखिन्छ ।

अधिकारी (२०६०) को अध्ययनको प्राथमिक शिक्षण तालिम अन्तर्गत १० महिने तालिमले शिक्षण विधि, शैक्षणिक सामग्रीहरुको प्रयोग सिकाइ प्रक्रिया र मूल्याङ्कन कक्षा शिक्षण र बहुकक्षा शिक्षणमा प्रभाव पारेको कुरा देखाएको छ । अतः शिक्षा संकायतर्फ कक्षा १२ मा संचालन हुने अभ्यास शिक्षण कार्यक्रममा संलग्न छात्र शिक्षकहरुमा पनि यि कुराहरुको विकास भएको पाईन्छ ।

अभ्यास शिक्षणको प्रयोगः प्रत्येक छात्र शिक्षकहरुमा शिक्षण पेशा प्रति व्यवसायिक भावना बढाउन शिक्षण सम्बन्धी आधारभूत ज्ञान र सीप हासिल, गर्न र शिक्षा प्राप्त गर्न अभ्यास शिक्षण गराई त्यसको सही सदुपयोग गर्न जरुरी छ ।


अधिकारी (२०६०) का अनुसार शिक्षक तालिम (अभ्यास शिक्षण) को प्रयोग निम्न अनुसार गरिएको छ ।

अभ्यास शिक्षणको आवश्यकताः शिक्षणको गुणस्तर वृद्धि गर्न, पेशालाई व्यवसायीकरण गर्न, पेशालाई मर्यादित तुल्याउन, बालबालिकाको मनोविज्ञान अनुसार प्रभावकारी शिक्षण गर्न, विषयवस्तुको प्रस्तुतीकरणमा विविधता ल्याउन, बालकेन्द्रित शिक्षण विधिको विकास गर्न, प्रभावकारी विद्यार्थी मूल्याङ्कन गर्न र शिक्षणका सिद्धान्त कक्षाकोठामा प्रयोग गर्न ।

## २.३ अवधारणा ढाँचा

नेपालको शैक्षिक इतिहासमा वर्तमान अवस्थासम्म आईपुग्दा परिमाणात्मक मात्रामा तमाम जनशक्ति उत्पादन भैरहेका छन् अझै शिक्षा संकायमा हेर्ने हो भने गुणस्तरीय शिक्षाको अभाव र शिक्षक तालिमको अभावका कारण पनि लाखौं बालबालिकाको भविष्य विद्यालयका भवनहरुमा परम्परागत रुपमा नै बेतित भैरहेको भेटिन्छ । एउटा विद्यार्थी जुन कक्षा ११, १२ को अन्तमा पुग्दा उसले वास्तविक शिक्षण सीपमा अनविज्ञ रुपमा रहने घट्नाले उनीहरुको अभ्यास शिक्षणको कमी प्रष्ट बुझ्न सकिन्छ । यी र यस्तै थुप्रै समस्याका बाबजुत अल्झिएका शिक्षण सीपहरु र कक्षा १२ को अन्तमा संचालन गरिने अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्थालाई प्रष्ट पार्न यो अध्ययन अगाडि सारिएको छ ।

यस अध्ययनको अवधारणात्मक ढाँचालाई निम्न बुँदाहरुले समेटिएको छ ।



# परिच्छेद तीन

# अध्ययनको विधि

कुनै पनि अध्ययन अनुसन्धानमा निश्चित विधिको प्रयोग गरिनु पर्दछ । यहाँ विधि भन्नाले एउटा यस्तो तरिका हो, जसले गर्नुपर्ने कार्ययोजनालाई नियमवद्ध, सरल र सहज तरिकाबाट प्रमाणित गर्न सहयोग गर्दछ । यस अध्ययनलाई पनि सत्य र तथ्य रुपमा प्रमाणित गर्न उचित विधिको आवश्यकतालाई मध्यनजर गरी अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था बारे विस्तृत जानकारी लिन निम्न विधिको प्रयोग गरिएको थियो ।

## ३.१ अध्ययनको ढाँचा

यस अध्ययनलाई गुणात्मक-संख्यात्मक अनुसन्धानको ढाँचामा आधारित भएर संचालन गरिएको छ । यसको उद्देश्य अनुसार अनुसन्धान क्षेत्रमा गई आवश्यक सूचनाहरु संकलन गर्न व्याख्यात्मक विधि, खुल्ला प्रश्नावली साथै कक्षा अवलोकन फारमको प्रयोग गरिएको थियो । साथै यस शोध अध्ययनकार्यलाई सम्पन्न गर्नको लागि उल्लेखित उद्देश्यहरु पुरा गर्न निम्न स्रोत र साधनको प्रयोग गरिएको छ ।

| क.सं. | अध्ययनको उद्देश्य | सूचनाको स्रोत | साधनको प्रयोग |
|---|---|---|---|
| १ | उच्च माध्यमिक तहमा संचालन गरिने अभ्यास शिक्षण कार्यक्रम पाठ्यक्रम अनुसार कार्यान्वयन भएको छ, छैन पत्ता लगाउने | प्राचार्य, सहयोगी विद्यालयका प्र.अ., छात्र शिक्षकहरु, रेकर्ड अध्ययन | कक्षा अवलोकन फारम, प्रश्नावली, अन्तर्वार्ता निर्देशिका |
| २ | अभ्यास शिक्षणले शिक्षकको शिक्षण सीपमा ल्याएको परिवर्तनको पहिचान गर्ने । | प्राचार्य, सहयोगी विद्यालयका प्र.अ., छात्र शिक्षकहरु, रेकर्ड अध्ययन | कक्षा अवलोकन फारम, प्रश्नावली, अन्तर्वार्ता निर्देशिका |
| ३ | अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा भएका समस्याहरु केलाउने । | प्राचार्य, सहयोगी विद्यालयका प्र.अ., छात्र शिक्षकहरु, रेकर्ड अध्ययन | कक्षा अवलोकन फारम, प्रश्नावली, अन्तर्वार्ता निर्देशिका |

## ३.२ नमूना छनोट

नमूना छनोट भन्नाले अध्ययन गर्न लागिएको क्षेत्रको जनसंख्या लगायत विभिन्न वस्तु स्थितिको प्रतिनिधित्व गर्दछ । यस अध्ययनमा आवश्यक तथ्याङ्क संकलन गर्नको लागि उद्देश्य मूलक दस्तावेज विश्लेषण गरिएको छ भने त्यसका साथै कक्षा अवलोकन र आवश्यक पर्ने पक्ष प्राचार्य, सहयोगी विद्यालयको प्र.अ., छात्र शिक्षकहरु र रेकर्ड अध्ययन गरी आवश्यक तथ्याङ्क संकलन कार्य गरिएको छ । यसरी छनोट भित्र परेका नमूनाहरु निम्न छन् :

### ३.२.१ उच्च माध्यमिक विद्यालयको छनोट

यस अध्ययनका लागि नमूना विद्यालयको रुपमा बझाङ्ग जिल्लामा संचालन भएका २९ वटा सामुदायिक उच्च माध्यमिक विद्यालयहरु मध्ये सुविधाको आधारमा श्री थलारा उ.मा.वि. खोली, भैरव उ.मा.वि. झोता र शान्ति उ.मा.वि. पाराकाट्ने बझाङ्ग गरी जम्मा ३ वटा उ.मा.वि. लाई मात्र नमूना छनोटमा राखिएको छ । छनोटमा परेका उ.मा.वि.हरुको नामावली र प्राचार्यको नामावली अनुसूची १ मा उल्लेख गरिएको छ । (अनुसूची ५)

### ३.२.२ प्राचार्यहरुको छनोट

यस अध्ययनको नमूना छनोट भित्र परेका तीनवटा उ.मा.वि.का तीन जना प्राचार्यहरुको छनोट गरिएको छ । (अनुसूची ५)

### ३.२.३ छात्र शिक्षकको छनोट

मुख्य विषय अंग्रेजी, नेपाली र स्वास्थ्य लिई १२ कक्षा मा अध्ययन गरेका विद्यार्थीहरु मध्येबाट गोला प्रथाद्वारा ३ वटा उ.मा.वि. बाट एउटा विद्यालयमा ५ जना विद्यार्थीहरु रहने गरी जम्मा १५ जना विद्यार्थीहरुलाई छात्र शिक्षकको रुपमा छनोट गरिएको थियो । (अनुसूची ५)

### ३.२.४ सहयोगी विद्यालयको छनोट

यस अध्ययनमा कक्षा १२ को अभ्यास शिक्षण कार्यक्रममा सहयोगी विद्यालयहरुको रुपमा ३ वटै उ.मा.वि. का अभ्यास शिक्षणमा सहभागी छात्र शिक्षकहरुको लागि ३ वटा माध्यमिक विद्यालयहरु नमूना छनोटको रुपमा लिईएको छ । जसमा ३ वटै उ.मा.वि. का लागि ३ वटा विद्यालय छनोट भित्र राखिएका छन् । त्यसका साथै सहयोगी विद्यालय र प्र.अ.हरुको नामावली पनि अनुसूचीमा राखिएको छ । (अनुसूची ७)

### ३.२.५ सहयोगी विद्यालयका प्र.अ. छनोट

अभ्यास शिक्षण कार्यक्रममा छात्र शिक्षकलाई सहभागी गराउने सेवा क्षेत्र भित्रका ३७ वटा सहयोगी विद्यालयका प्रधानाध्यापकहरु मध्ये छनोटमा परेका ३ वटा विद्यालयका ३ जना प्र.अ.लाई मात्र नमूना छनोट भित्र राखिएको छ । जसलाई अनुसूची ७ मा समेत प्रष्ट देखाईएको छ । (अनुसूची ७)

### ३.२.६ सहयोगी विद्यालयका शिक्षकको छनोट

यस अध्ययनको नमूना छनोट भित्र परेका मा.वि., नि.मा.वि. र प्रा.वि. का शिक्षकहरुको छनोट गरिएको थियो भने आवश्यक तथ्याङ्कको लागि खुल्ला तथा बन्द प्रश्नावलीको प्रयोग गरिएको छ । (अनुसूची ७) जनसंख्या छनोटको सारांश तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ३.१: छनोटमा परेका उ.मा.वि. बाट प्राचार्य र छात्र शिक्षकको छनोट**

| क.सं. | उत्तरदाता | नमूना छनोटमा परेका उ.मा.वि. विद्यालयका नामः | | | संख्या |
|---|---|---|---|---|---|
| | | श्री थलारा उ.मा.वि. बझाङ्ग (A) | श्री भैरवनाथ उ.मा.वि. बझाङ्ग (B) | श्री शान्ति उ.मा.वि. पाराकाट्ने बझाङ्ग (C) | |
| १ | प्राचार्य | १ | १ | १ | ३ जना |
| २ | छात्र शिक्षक | ५ | ५ | ५ | १५ जना |

**तालिका नं. ३.२ : प्र.अ. र शिक्षक छनोट तालिका**

| क.सं. | उत्तरदाता | नमूना छनोटमा परेका सहभागी विद्यालयहरु | | | संख्या |
|---|---|---|---|---|---|
| | | श्री त्रिभुवन मा.वि. महेन्द्रधार, बझाङ्ग | श्री सरस्वती प्रा.वि. डिखला, बझाङ्ग | श्री धउलदेउ प्रा.वि. गडिगाउँ, बझाङ्ग | |
| १ | प्र.अ. | १ | १ | १ | ३ जना |
| २ | शिक्षक | २ | २ | १ | ५ जना |

## ३.३ अध्ययन क्षेत्रको छनोट

यस शोध अध्ययनका उद्देश्य प्राप्ति गर्नको लागि छनोट गरिएको बझाङ्ग जिल्लाको जम्मा उ.मा.वि. बाट सजिलोका आधारमा ३ वटा उ.मा.वि. (श्री थलारा उ.मा.वि. खोली बझाङ्ग, श्री भैरवनाथ उ.मा.वि. झोता बझाङ्ग र श्री शान्ति उ.मा.वि. पाराकाट्ने बझाङ्ग) लाई मुख्य नमूनाका रुपमा छनोट गरिएको छ । (अनुसूची )

## ३.४ साधनको निर्माण

यस शोध अध्ययनमा उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्ने उद्देश्यलाई मध्यनजर गरी तथ्याङ्क संकलन गर्नको लागि निम्नानुसारका साधनहरु प्रयोग गरिएको थियो ।

### ३.४.१ छात्र शिक्षकको कक्षा अवलोकन फारम

अभ्यास शिक्षणमा छात्र शिक्षकहरुले कक्षाकोठामा गर्ने विभिन्न शिक्षण सिकाई क्रियाकलापहरु अध्ययन तथा मूल्याङ्कन गर्न कक्षा अवलोकन फारमको प्रयोग गरिएको थियो । (अनुसूची १)

### ३.४.२ छात्र शिक्षकसँगको खुल्ला तथा बन्द प्रश्नावली

अभ्यास शिक्षण कार्यक्रमको कार्यान्वयनको अवस्था पत्ता लगाउन छात्र शिक्षकको ज्ञान, सीप, अवधारणा बुझ्नको लागि खुल्ला तथा बन्द प्रश्नावलीको प्रयोग गरिएको थियो । (अनुसूची ४)

### ३.४.३ प्राचार्य/प्र.अ. अन्तर्वार्ता निर्देशिका

यस अध्ययनमा नमूना छनोटमा परेका उ.मा.वि. हरुका ३ जना प्राचार्य र सहयोगी विद्यालयका प्र.अ.हरुसँग अन्तर्वार्ता विधिको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । (अनुसूची २)

### ३.४.४ शिक्षकको लागि अन्तर्वार्ता प्रश्नावली

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन विषय शिक्षकसँग ज्ञान सीप धारणा बुझ्नको लागि खुल्ला तथा बन्द प्रश्नावलीको प्रयोग गरिएको थियो । (अनुसूची ३)

## ३.५ साधनको वैधता


यस शोध अध्ययनमा उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पत्ता लगाउन आवश्यक पर्ने तथ्याङ्कहरु संकलन गर्ने विभिन्न साधनहरु प्रयोग गर्नु भन्दा पहिले सम्बन्धित शीर्षकमा शोध निर्देशकहरुलाई सुधार कार्यको लागि देखाई आवश्यक परिमार्जन तथा संशोधन गरी अन्तिम रुप दिइएको थियो ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययन कार्यका लागि प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त भएका तथ्याङ्कहरुलाई गुणात्मक विधिद्वारा ट्रेङ्गुलेसन गरी वर्णनात्मक शैली अपनाइ तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको थियो । उक्त कार्यलाई निम्नलिखित चित्रबाट प्रस्ट पार्न सकिन्छ ।


**चित्र नं. ३.१**

**तथ्याङ्क विश्लेषण प्रक्रिया**




**चित्र नं. ३.२**

**तथ्याङ्क विश्लेषणात्मक ढाँचा**




## ३.७ नीतिगत पक्षहरु

यस शोध अध्ययनको शीर्षकलाई मध्यनजर गरी तोकिएका उद्देश्यहरुको परिपूर्ति गर्ने विभिन्न किसिमका साहित्यको पुनरावलोकनहरुको सहयोग लिई, शोध निर्देशकको आवश्यक सरसल्लाहलाई मध्यनजर गरी अध्ययनलाई अगाडि बढाईएको छ । साथै पाठ्यक्रम तथा मूल्याङ्कन विभागको आवश्यक सहयोगलाई मध्यनजर गरी तोकिएको प्रस्तावना खाका भित्र रहेर अध्ययन कार्य अगाडि बढाईएको छ । यस

अध्ययनले समेट्नु पर्ने सम्पूर्ण विषय सूचीका बुँदाहरुलाई प्राथमिकताका आधारमा मिलाएर अध्ययनको सारसंक्षेप सम्म लेखन कार्य गरिएको छ भने त्यसका साथै अध्ययनमा अनिवार्य रुपमा निम्न नीतिगत पक्षहरुलाई ख्याल गरिएको छ :-

तथ्याङ्कको गोपनियता, उत्तरदाताको अधिकार क्षेत्र, उत्तरदातासँगको समय सन्दर्भ, उत्तरदातासँगको सुरुवात र अन्तमा प्रयोग गरिने भाषा, उत्तरदाताको अवस्था हेरेर निर्माण गरिने प्रश्नावली, अध्ययनमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्ने, व्यक्तित्वसँगको व्यवहार, अध्ययनको लेखन कार्य तोकिएको शैलीमा नै अध्ययनलाई केन्द्रित गरी अन्तमा आवश्यक सुझावहरु पेश गरिएको छ ।

# परिच्छेद चार

# तथ्याङ्कको विश्लेषण र व्याख्या

"उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था" शीर्षकको यस अध्ययनको उद्देश्य प्राप्ति गर्न कक्षा अवलोकन फाराम, खुल्ला तथा बन्द प्रश्नावली, अन्तर्वार्ता निर्देशिकाको माध्यमद्वारा आवश्यक तथ्याङ्क संकलन गर्न छात्र शिक्षक, सहयोगी विद्यालयका विषय शिक्षक साथै प्राचार्य/ प्र.अ. सँग प्रतिक्रिया माग्ने प्रयास गरिएको थियो । यसरी प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ अभ्यास शिक्षण कार्यक्रम सम्बन्धी नीतिगत प्रावधान

उच्च माध्यमिक तहमा शिक्षा धारको कक्षा १२ मा कोर्ष नं. ९२० लाई प्राक्टिकम पाठ्याशंको रुपमा राखिएको छ, जसको पूर्णाङ्क ५० र उत्तीर्णाङ्क २५ रहेको छ । यस पाठ्यांशको कार्यान्वयन गर्दा प्रत्येक उच्च माध्यमिक विद्यालयहरुले ७ दिन समय लिई अभिमुखीकरण कार्यक्रमको लागि कक्षा १२ का विद्यार्थीहरुलाई अनिवार्य रुपमा सूचना जाहेर गर्नुपर्छ । त्यस पछि ५ दिनसम्म उच्च माध्यमिक विद्यालयहरुमा गई सुक्ष्म अभ्यास शिक्षण गर्ने गरी कम्तिमा ३ जना र बढीमा ८ जना छात्र शिक्षकहरुको समूह बनाई खटाउन सकिन्छ । कही सहयोगी विद्यालयका प्र.अ. र विषय शिक्षकहरुलाई आन्तरिक सुपरिवेक्षकको जिम्मेवारी दिन सकिन्छ । तर धेरै जसो ठाउँमा आन्तरिक सुपरिवेक्षक भनि छुट्टै व्यक्तिहरुलाई खर्टाइएको देखिन्छ (जुगलाल, २०६६, पेज. ३०) । जब छात्र शिक्षकहरुले कम्तिमा २५ दिन सहयोगी विद्यालयमा दैनिक पाठयोजना सहित अध्यापन गर्दछन् । त्यसपछि उनीहरुलाई बाह्य मूल्याङ्कनको रुपमा अन्तिम मूल्याङ्कन गरिन्छ । यसरी करिब १ महिनासम्म नियमित रुपले छात्र शिक्षकहरुले सहयोगी विद्यालयमा गई शिक्षण कार्य गर्दछन् (ढकाल, २०५५, पे. ७५) ।

वाह्य सुवपरिवेक्षक मार्फत जब उनीहरुको मूल्याङ्कन हुन्छ । तब मात्र अभ्यास शिक्षण कार्यक्रमको समाप्ति हुन्छ । अभ्यास शिक्षणमा कम्तिमा ३० वटा पाठयोजना, विषयगत र वस्तुगत गरी ५० वटा प्रश्नहरु र उत्तर कुञ्जिका साथै विद्यालय प्रतिवेदन लेखन कार्य अनिवार्य रुपमा गरिनु पर्दछ :

**तालिका नं. ४.१**

**विषयगत संरचना र पूर्णाङ्क**

| क.सं. | शिक्षाधार तर्फ समावेश विषयहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | अनिवार्य विषयहरु | ३०० |
| २ | ईच्छाधिन विषयहरु (प्रथम, द्वितीय र तृतीय) | ७०० |
| ३ | प्राक्टिकम (कक्षा १२ को अन्तमा) | ५० |

स्रोतः खड्का, २०६२

## ४.२ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था

यस शोध अध्ययन कार्यमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न मुख्य तीनवटा उद्देश्यहरु तय गरी उच्च माध्यमिक तहका शिक्षा विषय पढाउने ३ वटा उ.मा.वि. लाई नमूना छनोट भित्र राखिएको थियो । अभ्यास शिक्षण कार्यक्रमको वर्तमान अवस्था के कस्तो रहेको छ भन्ने कुरा बुझ्न छनोटमा परेका ३ वटै उ.मा.वि. का प्राचार्य/ प्र.अ., शिक्षकहरु र छात्र शिक्षकहरुसँग खुल्ला तथा बन्द प्रश्नावलीको माध्यमद्वारा प्रतिक्रिया माग्ने प्रयास गरिएको थियो ।

### ४.२.१ पाठ्यक्रम/निर्देशिकासँग सम्बन्धित अभ्यास शिक्षण

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न अगाडि बढाईएको यस शोध अध्ययन कार्यमा अभ्यास शिक्षण कार्यलाई पाठ्यक्रम/ निर्देशिकासँग सम्बन्धित गरिएको छ ? भनी प्रतिक्रिया माग्ने प्रयास गरिएको थियो । धेरै जसो ठाउँमा पाठ्यक्रम केन्द्रित अभ्यास शिक्षणमा त्यति ध्यान नदिइरहेका अवस्थामा निर्देशिकासँग सम्बन्धित अभ्यास शिक्षण क्रियाकलापको बारेमा प्राचार्य/ प्र.अ. साथै विषय शिक्षकसँग मागिएको प्रतिक्रिया निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**अभ्यास शिक्षण पाठ्यक्रम/निर्देशिकासँग सम्बन्धित भए नभएको सम्बन्धमा**

| विवरण | प्राचार्य/ प्र.अ. | विषय शिक्षकहरु | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| पाठ्यक्रम केन्द्रित भएको | ४ | १ | ५ | ४५ | |
| अलिअलि भएको | २ | ३ | ५ | ४५ | |
| नभएको | ० | १ | १ | १० | |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.२ अनुसार अभ्यास शिक्षण कार्यक्रम पाठ्यक्रम वा निर्देशिका केन्द्रित भए नभएको भन्ने सम्बन्धमा ६ जना प्रमुख र १ जना शिक्षक गरी

जम्मा ५ जना (४५ प्रतिशत), पाठ्यक्रम केन्द्रित भएको भन्ने पक्षमा रहेको पाइयो । त्यस्तै अलिअलि मात्र पाठ्यक्रम केन्द्रित भएको भन्ने पक्षमा २ जना प्राचार्य प्र.अ. साथै ३ जना विषय शिक्षक गरी जम्मा ५ जना (४५ प्रतिशत) रहेको पाइयो भने पाठ्यक्रम केन्द्रित हुँदै नभएको भन्नेमा १ जना (१० प्रतिशत) विषय शिक्षक देखिएको कुरा माथिको तालिकाबाट प्रष्ट भएको छ ।

उक्त तालिकाको विश्लेषणबाट के थाहा हुन्छ भने संयुक्त रुपमा अभ्यास शिक्षण पाठ्यक्रम केन्द्रित भएको र अलिअलि भएको भन्ने पक्षमा बराबर ४५ प्रतिशत संख्या देखिए पनि प्राचार्यको संख्या बढी ४ जना र शिक्षकको संख्या कम १ जना रहेको छ । त्यस्तै हुँदै नभएको पक्षमा १० प्रतिशत शिक्षक मात्र रहेको प्रस्ट हुन आएको छ ।

यसलाई छोटकरीमा भन्नु पर्दा अझै १० प्रतिशत शिक्षक शिक्षण अभ्यास पाठ्यक्रम अनुसार नहुने गरेको बताउँछन् । यसको अर्थ अझै केही छात्र शिक्षकले मनोमानी ढंगबाट शिक्षण गर्ने गरेको पाइन्छ । अभ्यास शिक्षण कार्यक्रममा प्राचार्य/प्र.अ. र विषय शिक्षक आन्तरिक सुपरिवेक्षण कार्यमा संलग्न हुने हुँदा उहाँहरुको यस प्रतिक्रियालाई सफलताका साथ लिन सकिन्छ ।

### ४.२.२ अभ्यास शिक्षण कार्यक्रम र योजना अनुसारको समयावधी

अभ्यास शिक्षण क्रियाकलापलाई संचालन गर्न उ.मा. शिक्षा परिषद्बाट निश्चित समयावधि तोकिएता पनि यसलाई सहि रुपमा कार्यान्वयन गर्न उ.मा.वि.हरु कति सफल भएका रहेछन् भनी अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुबाट प्रतिक्रिया मागिएको थियो । यसरी प्रतिक्रिया माग्दा तपाईले अभ्यास शिक्षणमा पाठयोजना प्रयोग गरेर जम्मा कति दिन पढाउनु हुन्छ भन्ने प्रश्न सोधिएको थियो । त्यसबाट प्राप्त प्रतिक्रियालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**अभ्यास शिक्षण गर्दा छात्र शिक्षकहरुले योजना निर्माण गरी पढाउने गरेको दिन**

| बिताएको दिन | छात्र शिक्षकहरु | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ० - ७ | ० | ० | ० | |
| ८-१४ | २ | २ | १३ | |
| १५-२१ | ५ | ५ | ३३ | |
| २५-३० | ७ | ७ | ४७ | |
| थाहा भएन | १ | १ | ७ | |

स्रोत : स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.३ अनुसार १५ जना छात्र शिक्षकहरुलाई अभ्यास शिक्षणको समयावधी सम्बन्धी प्रश्न सोधिएको थियो । जसमध्ये २ जनाले (१३ प्रतिशत) अभ्यास शिक्षण त्रियाकलापमा पाठयोजना निर्माण र प्रयोग गरी दुई हप्ता पढाउने गरेको बताए, ५ जनाले (३३ प्रतिशत) ले १५-२१ दिन सम्म नै पाठयोजना बनाएर शिक्षण गर्ने गरेको बताए, करिब आधा (४७ प्रतिशत) ले पुरै समय पाठयोजना बनाएर पढाउने गरेको बताए भने बाँकी १ जनाले निश्चित नभएको कुरा बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्य अनुसार १५ जना छात्र शिक्षकहरुमध्ये प्रत्येक जसो छात्र शिक्षकहरु निरन्तर कक्षामा हाजिर नभएको देखिए । यसबाट जानकारी भए अनुसार अभ्यास शिक्षण कार्यक्रमको बारेमा निश्चित समयावधी थाहा नभई शिक्षण गरिएको पाइयो ।

माथिको तालिका विश्लेषणबाट के कुरा प्रस्ट हुन सकिन्छ भने ०-७ दिन शिक्षण गर्ने संख्या शुन्य प्रतिशत रहेता पनि शिक्षणको समयावधिको बारेमा कुनै जानकारी नै नपाउने संख्या पनि ७ प्रतिशत देखिएको छ भने वास्तविक समयावधि भित्र शिक्षण क्रियाकलाप गर्ने छात्र शिक्षकहरु करिब आधा रहेको देखियो । अभ्यास शिक्षण क्रियाकलाप संचालन गर्नुपर्ने समय सम्बन्धी ठोस जानकारी प्राप्त नभइकन नै शिक्षण गर्ने संख्या पनि रहेको पाइयो ।

अभ्यास शिक्षणको समयावधि बारे थाहा नै नभएका ७ प्रतिशत संख्यालाई समय नै थाहा नभई कसरी शिक्षण क्रियाकलाप गर्नु भयो भनि सोधिएको जवाफमा प्राप्त प्रतिक्रिया देहाय बमोजिम छ -

> *"अभ्यास शिक्षण क्रियाकलापमा संलग्न हुने क्रममा हरेक दिन दैनिक पाठयोजनाको साथमा विद्यालयमा गइयो तर कक्षा क्रियाकलापमा आफूलाई त्यति साह्रो समय कहिल्यै मिलेन, विद्यालय गएको बेला पनि खाली रहेका पिरियडहरु मात्र पढाउने गरियो । न त कति बेला पढाउने, कहिलेसम्म पढाउने भन्ने बारेमा कुनै जानकारी प्राप्त भयो न त अभ्यास शिक्षणको पुरै अवधि क्रियाकलाप नै गर्न पाइयो ।"*

यस भनाईबाट कतिपय छात्र शिक्षकहरुलाई अभ्यास शिक्षण क्रियाकलाप गर्ने समयावधिको बारेमा नै जानकारी नभएको कुरा प्रस्ट हुन्छ ।

### ४.२.३ आन्तरिक सुपरिवेक्षकले कक्षा अवलोकन गर्ने सम्बन्धमा

शिक्षण क्रियाकलाप गर्दा सुपरिवेक्षणको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस अध्ययनमा पनि अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुको कक्षा अवलोकनमा आन्तरिक सुपरिवेक्षणको अवस्था बुझ्न प्राचार्य/ प्र.अ. साथै विषय शिक्षकहरुलाई आवश्यक प्रतिक्रिया मागिएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**सुपरिवेक्षकले छात्र शिक्षकको कक्षा अवलोकन गर्ने पटक सम्बन्धमा**

| अवलोकन | प्राचार्य/प्र.अ. | विषय शिक्षकहरु | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| हप्ता/हप्तामा | २ | १ | ३ | २७ | |
| अवधिभर १ पटक | १ | २ | ३ | २८ | |
| बाह्य सुपरिवेक्षक हुँदा मात्र | ३ | २ | ५ | ४५ | |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.४ अनुसार छात्र शिक्षकहरुको कक्षा अवलोकन सम्बन्धमा सोधिएको प्रश्नमा २ जना प्राचार्य/प्र.अ. साथै १ जना विषय शिक्षक गरी जम्मा ३ (२७ प्रतिशत) जनाले हप्तै पिच्छे कक्षा अवलोकन गर्ने गरेको प्रतिक्रिया दिए भने अवधिभर १ पटक मात्र गरिन्छ भन्नेमा १ जना प्राचार्य/प्र.अ. र २ जना शिक्षकहरु गरी जम्मा ३ जना (२८ प्रतिशत) रहेको भेटियो भने बाह्य सुपरिवेक्षक हुँदा मात्र कक्षा अवलोकन गरिन्छ भन्ने पक्षमा ३ जना प्राचार्य/प्र.अ. र २ जना शिक्षक गरी जम्मा ५ जना (४५ प्रतिशत) रहेको कुरा माथिको तालिकाबाट थाहा भएको छ ।

यसै तथ्याङ्क विश्लेषणबाट के प्रस्ट हुन्छ भने छात्र शिक्षकको कक्षा अवलोकनलाई निरन्तर रुपमा हप्तै पिच्छे गर्ने प्राचार्य/प्र.अ. र शिक्षकको संख्या २७ प्रतिशत र बाह्य सुपरिवेक्षक हुँदा मात्र गर्ने ४५ प्रतिशत संख्या रहेको देखिन्छ जसले गर्दा कक्षा अवलोकन गरी छात्र शिक्षकको शिक्षण सीपमा सुधार गर्न आवश्यक सुझाव वा पृष्ठपोषण प्रदान गर्ने गरेको पाइएन । विद्यार्थीले प्राप्त गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उर्तान आवश्यक ज्ञान सीप तथा सुधारात्मक पक्ष कमजोर रहेको पाइयो ।

### ४.२.४ पाठयोजना निर्माण सम्बन्धी

शिक्षण एक अपरिहार्य, अनिवार्य र महत्वपूर्ण पेशा हो । यस पेशालाई प्रभावकारी बनाउन शिक्षकले व्यवहारिक ज्ञान र सीप हाँसिल गर्नु जरुरी ठानिन्छ । यसर्थ यस शोध अध्ययन कार्यमा पनि एउटा छात्र शिक्षकले आफ्नो पेशामा जानु

भन्दा अगाडि अभ्यास शिक्षणको क्रममा गर्नु पर्ने पाठ्यक्रम निर्देशित विभिन्न पक्षको अवस्था बुझ्न पाठयोजना निर्माण कार्य सम्बन्धी विभिन्न प्रश्नहरुमा प्रतिक्रिया लिईएको थियो । जसलाई निम्न तालिकाद्वारा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ४.५**

**पाठयोजना निर्माण सम्बन्धी प्राचार्य/प्र.अ. साथै छात्र शिक्षकको अवधारणा**

| क.सं. | विवरण | प्राचार्य/प्र.अ. (६ जना) | छात्र शिक्षक (१४ जना) | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बनाउने | ३ | ११ | १४ | ६७ | |
| २ | कहिले बनाउने | २ | ३ | ५ | २४ | |
| ३ | कहिल्यै नबनाउने | १ | १ | २ | ९ | |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.५ अनुसार ३ जना प्राचार्य, ३ जना प्र.अ. साथै १५ जना छात्र शिक्षकहरु- लाई पाठयोजना निर्माण सम्बन्धमा प्रश्न सोधिएको थियो । जसमध्ये अभ्यास शिक्षण क्रियाकलापमा सधैं जसो पाठयोजना निर्माण गर्ने गरेको पाइन्छ भन्ने प्र.अ.हरु र प्राचार्यहरुको संख्या ३ जना र पाठयोजना निर्माण र प्रयोग गरेर मात्र शिक्षण कार्य गर्दछौ भन्ने छात्र शिक्षकको संख्या ११ जना रहेको पाइयो । यसरी हेर्दा पाठयोजना निर्माण गर्नेको पक्षमा प्राचार्य/ प्र.अ. र छात्र शिक्षकहरुमा जम्मा १४ जना (६७ प्रतिशत) संख्या रहेको देखिन्छ भने त्यस्तै पाठयोजना निर्माण कार्य कहिलेकाही मात्र गरिएको भन्ने प्रतिक्रिया रहेका प्राचार्य/प्र.अ. र छात्र शिक्षकहरुको संख्या ५ जना (२४ प्रतिशत) देखिन्छ र पाठयोजना निर्माण कार्य कहिल्यै नगर्ने सम्बन्धमा प्रतिक्रिया दिने प्राचार्य/प्र.अ. र छात्र शिक्षकहरुको संख्या २ जना (९ प्रतिशत) रहेको देखियो ।

माथिको विश्लेषणबाट के प्रष्ट हुन आउँछ भने अभ्यास शिक्षण कार्यक्रममा दैनिक पाठयोजना निर्माण प्रति ज्ञान, सीप भएका साथै निर्माण र प्रयोग गर्न सक्ने जम्मा ६७ प्रतिशत संख्या रहेको देखिएता पनि पाठयोजना निर्माण कार्य कहिलेकाही र कहिल्यै नगर्नेको संख्या पनि ३३ प्रतिशत रहेको पाइयो । जसले गर्दा अझै पनि छात्र शिक्षकहरुलाई अभ्यास शिक्षण कार्य सम्बन्धी ज्ञान, सीप नभएको र पाठयोजना निर्माण कार्यमा कुनै ध्यान नदिएको तथ्य प्रस्ट हुन आएको छ ।

### ४.२.५ शैक्षणिक उद्देश्यको निर्माण सम्बन्धी

यस शोध अध्ययन कार्यमा पाठ्यक्रम निर्देशीत शिक्षण क्रियाकलापलाई पहिचान गर्न शैक्षणिक उद्देश्य निर्माणमा आइपरेका कठिनाइ र सम्बन्धमा पनि खोज गरिएको थियो । अभ्यास शिक्षण कार्य गर्दा छात्र शिक्षकले शैक्षणिक उद्देश्य निर्माण कार्यमा के कति ज्ञान, सीप हाँसिल गरिएको छ साथै उद्देश्य निर्माण कार्यमा आउने कठिनाई सम्बन्धमा यस कार्यक्रममा संलग्न विभिन्न पक्षहरुसँग प्रतिक्रिया लिइएको थियो । जसलाई निम्न तालिकाद्वारा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ४.६**

**उद्देश्य निर्माणमा आईपरेका कठिनाईका कारण**

| समस्याहरु | प्राचार्य/ प्र.अ. | छात्र शिक्षक | शिक्षकहरु | जम्मा (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|
| उचित क्रियापद छनोट गर्न नसक्नु | १ | ३ | ० | ४(१५) | |
| उचित तरिकाले वाक्य (उद्देश्य) निर्माण गर्न नसक्नु | २ | २ | २ | ६(२३) | |
| पाठलाई समेट्ने गरी उद्देश्य बनाउन नसक्नु | २ | ७ | २ | ११(४२) | |
| उद्देश्य निर्माणमा खासै कठिनाई भएन | ० | १ | १ | २(८) | |
| उद्देश्य सम्बन्धी जानकारी नै छैन | १ | २ | ० | ३(१२) | |
| | ६ | १५ | ५ | २६(१००) | |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.६ अनुसार ३ जना प्राचार्य, ३ जना प्र.अ., १५ जना छात्र शिक्षक र ५ जना विषय शिक्षकहरुलाई उद्देश्य निर्माणमा आइपरेका कठिनाई सम्बन्धी प्रश्न सोधिएको थियो । जस मध्ये उचित क्रियापद छनोट गर्न नसक्नु भन्ने कारणमा प्रतिक्रिया दिने प्राचार्य/प्र.अ., छात्र शिक्षक र विषय शिक्षकहरुको संख्या ८ जना (१५ प्रतिशत) रहेको पाइयो, त्यस्तै उचित तरिकाले उद्देश्य निर्माण गर्न नसक्नु भन्ने प्रतिक्रिया दिनेको संख्या ६ जना (२३ प्रतिशत), पाठलाई समेट्ने गरी उद्देश्य बनाउन नसक्नुमा प्रतिक्रिया दिने संख्या ११ जना (४२ प्रतिशत), उद्देश्य निर्माणमा खासै कठिनाई भएन भन्ने प्रतिक्रिया दिनेको संख्या २ जना (८ प्रतिशत) र उद्देश्य सम्बन्धी जानकारी नै छैन भन्ने प्रतिक्रियामा ३ जना (१२ प्रतिशत) संख्या रहेको प्रस्ट देखिन्छ ।

माथिको विश्लेषणबाट के थाहा हुन आउँछ भने अभ्यास शिक्षण क्रियाकलापमा संलग्न छात्र शिक्षकहरु मध्ये केहीलाई अझै उद्देश्य निर्माण सम्बन्धी कुनै जानकारी नरहेको देखिन्छ । अन्य बाँकी ३८ प्रतिशतले भने क्रियापद छनोट गर्न नसक्नु र उचित वाक्य निर्माण गर्न नसक्नु जस्ता कारणले उद्देश्य निर्माण गर्न नसकेको देखिन्छ । यहाँ उद्देश्य निर्माण सम्बन्धी छात्र शिक्षक विरेन्द्र सिंहको प्रतिक्रिया देहाय बमोजिम छ ।

> *"शिक्षण कार्यमा कक्षा कोठा भित्र अगाडि उभिएर शिक्षण गर्नु त्यति गाह्रो त लाग्दैन जति गाह्रो उद्देश्य निर्माण गर्दा लाग्दछ, साथै उद्देश्य निर्माणमा क्रियापद छनोट र विषयवस्तु समेट्नु त छँदैछ त्यो भन्दा अगाडि उद्देश्य सम्बन्धी जानकारी नहुँदा बढी कठिनाई उत्पन्न भएको छ ।"*

उक्त भनाई अनुसार कतिपय छात्र शिक्षकहरुमा विशिष्ट उद्देश्य सम्बन्धी प्रस्ट ज्ञान सीप नभएको जानकारी पाइयो ।

### ४.२.६ शैक्षणिक सामग्रीको छनोट र प्रयोग सम्बन्धी

हाम्रो एउटा उखान छ - "म सुन्छु म बिर्सन्छु, म देख्छु म सम्झन्छु, म गर्छु म जान्दछु ।" यो उखानबाट के स्पष्ट हुन्छ भने गरेर सिकेका कुराहरु बढी व्यवहारिक दीर्घकालीनसम्म सम्झन सक्ने हुन्छन् ।

यस शोध अध्ययनको उद्देश्य पूरा गर्ने क्रममा अभ्यास शिक्षणमा खटिएका १५ जना छात्र शिक्षकहरुको शैक्षिक सामग्रीको निर्माण र प्रयोगलाई विषयगत रुपमा तुलनात्मक अध्ययन गरिएको थियो । जसलाई तालिका नं. ७ बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४.७**

**शैक्षणिक सामग्रीको छनोट र प्रयोग सम्बन्धमा छात्र शिक्षकको प्रतिक्रिया**

| क्र.सं. | प्रतिक्रिया | विषयहरु (शिक्षक संख्या) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाली (५) | | अंग्रेजी (५) | | स्वास्थ्य (५) | |
| | | जना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १ | शिक्षण सामग्रीको प्रयोग गरेको | ४ | ८० | ४ | ८० | ४ | ८० |
| २ | उपयुक्त रुपमा प्रयोग गरेको | ३ | ६० | २ | ४० | २ | ४० |
| ३ | प्रयोगमा सबै विद्यार्थीको पहुँच भएको | ४ | ८० | २ | ४० | ३ | ६० |
| ४ | स्तर अनुसार छनोट गरेको | ३ | ६० | २ | ४० | १ | २० |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका ४.७ अनुसार सबै विषयका ५ मध्ये ४ जना (८० प्रतिशत) उत्तरदाताले शैक्षिक सामग्रीको प्रयोग गरेर पढाउने गरेको प्रतिक्रिया व्यक्त गरे । प्रयोग गर्ने मध्ये नेपाली, अंग्रेजी र स्वास्थ्य विषयमा शिक्षण गर्दा उपयुक्त तरिकाले सामाग्री प्रयोग गरेको देखिन्छ । त्यस्तै सामाग्री प्रयोग गर्दा सबैले स्पष्ट रुपमा देख्न सकेको वा पहुँच भएको भन्नेमा नेपालीका ८० प्रतिशत, अंग्रेजीका ४० प्रतिशत र स्वास्थ्यका ६० प्रतिशत रहेको पाइयो । सामाग्री छनोट स्तर अनुसार नै भएको भन्नेमा भने नेपाली, अंग्रेजी र स्वास्थ्य विषयका क्रमशः ३, २ र १ जना पाइयो । जुन कुरालाई कक्षा अवलोकन कार्य गरी जानकारी लिइएको थियो । यसरी कक्षा अवलोकनबाट थाहा भए अनुसार स्पष्ट बुझिने, देखिने, पाठसँग सम्बन्धित र उपयुक्त सामग्री प्रयोग कार्यमा नेपाली विषयका छात्र शिक्षक नै बढी देखिएका थिए ।

माथिको विश्लेषण हेर्दा विषयगत रुपमा सामाग्री छनोट र प्रयोगमा नेपाली विषय पढाउने छात्र शिक्षकहरु अगाडि रहेको भने स्वास्थ्य विषयका छात्र शिक्षकलाई स्तर अनुसार सामाग्री छनोट गर्न कठिनाई परेको देखिन्छ । तर पूर्ण रुपमा सन्तुष्टी भने कुनै विषयमा पनि भएको पाइएन ।

### ४.२.७ शिक्षण क्रियाकलाप र विधि सम्बन्धी

अभ्यास शिक्षण क्रियाकलापमा संलग्न छात्र शिक्षकहरुले शिक्षण गर्दा विधिलाई समेत महत्वपूर्ण रुपमा ध्यान दिनु जरुरी हुन्छ । कक्षा शिक्षण कार्यमा शिक्षण विधि विना क्रियाकलाप असम्भव हुने हुँदा विधि र क्रियाकलाप बिचको सम्बन्ध नजिक रहेको मानिन्छ । जुन कुरामा अझै प्रस्ट हुन यस शोध अध्ययन कार्यमा अभ्यास शिक्षण क्रियाकलाप र विधिको सम्बन्ध बारेमा तुलनात्मक अध्ययन गर्न विभिन्न विषयका छात्र शिक्षकहरुसँग प्रश्न सोधिएको थियो । प्राप्त प्रतिक्रियालाई तालिका नं. ८ मा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.८**

**शिक्षण क्रियाकलाप र विधिको सम्बन्धमा छात्र शिक्षकको धारणा**

| क.सं. | क्रियाकलाप र विधि | विषयहरु (शिक्षक संख्या) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाली (५) | | अंग्रेजी (५) | | स्वास्थ्य (५) | |
| | | जना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १ | विषयवस्तु अनुसार उपयुक्त विधि छनोट | ४ | ८० | ३ | ६० | २ | ४० |
| २ | विधि उपयुक्त तर उचित तरिकाले प्रयोग नभएको | ३ | ६० | १ | २० | २ | ४० |
| ३ | छनोट र प्रयोग हुँदै नभएको | ४ | ८० | ३ | ६० | २ | ४० |
| ४ | विद्यार्थीलाई उत्प्रेरित गर्ने विधि | २ | ४० | २ | ४० | ४ | ८० |

स्रोतः स्थलगत अध्ययन, २०६७।

माथिको तालिका नं. ४.८ अनुसार विषयवस्तु अनुसार उपयुक्त विधि प्रयोग गर्ने सम्बन्धमा नेपाली विषयका ५ जना छात्र शिक्षकहरुमध्ये ४ जना (८० प्रतिशत), छात्र शिक्षकहरु सक्षम भएको पाइयो । अंग्रेजी विषयका ५ जनामा ३ जना (६० प्रतिशत) र स्वास्थ्य विषयका २ जना (४० प्रतिशत) मात्र सक्षम भएता पनि सबभन्दा बढी नेपाली विषयका ८० प्रतिशत र सबभन्दा कम स्वास्थ्य विषयका ४० प्रतिशत छात्र शिक्षकहरुद्वारा उपयुक्त विधि अनुरुप क्रियाकलाप गरेको पाइयो । जुन नेपालीको तुलनामा स्वास्थ्यको ठिक आधा मात्र रहेको देखिन्छ । विधि उपयुक्त तर उचित प्रयोग गर्न नसकेको तथ्यमा नेपाली विषयका ३ जना (६० प्रतिशत), अंग्रेजी विषयका १ जना (२० प्रतिशत) र स्वास्थ्यका २ जना (४० प्रतिशत) छात्र शिक्षकहरु रहेको प्रस्ट हुन आएको छ । जसमा सबभन्दा बढी नेपालीका ३ जना (६० प्रतिशत) रहेको देखिन्छ भने सबभन्दा कम अंग्रेजी विषयका २० प्रतिशत मात्र रहेका देखिए । यसबाट के थाहा हुन आउछ भने सबभन्दा बढी ६० प्रतिशत नेपालीका छात्र शिक्षकहरुले उचित तरिकाले विधिको प्रयोग गर्न सफल भएको पाइयो । क्रियाकलाप अनुरुप विधि छनोट र प्रयोग गर्ने/नगर्ने नेपाली विषयका ४ जना (८० प्रतिशत), अंग्रेजीका ३ जना (६० प्रतिशत) र स्वास्थ्यका २ जना (४० प्रतिशत) छात्र शिक्षकहरु रहेका देखिन्छ भने यसलाई तुलनात्मक रुपमा अध्ययन गर्दा विषयवस्तु अनुरुप विधि छनोट र प्रयोग गर्न नसक्ने नेपाली विषयका सबभन्दा बढी ८० प्रतिशत छात्र शिक्षकहरु र सबभन्दा कम स्वास्थ्य विषयका ४० प्रतिशत छात्र शिक्षकहरु देखिन्छन् । त्यस्तै क्रियाकलाप नं. ४

विद्यार्थीलाई उत्प्रेरित गर्ने खालको विधि प्रयोगमा नेपाली विषयका २ जना (४० प्रतिशत) अंग्रेजी विषयका २ जना (४० प्रतिशत) र स्वास्थ्य विषयका ४ जना (८० प्रतिशत) छात्र शिक्षकहरु रहेको पाइयो । यसलाई तुलनात्माक रुपमा व्याख्या गर्दा उत्प्रेरित खालको विधि प्रयोग नगर्ने सबभन्दा कम नेपाली र अंग्रेजी विषयका छात्र शिक्षकहरु ३०/३० प्रतिशत रहेका छन् भने सबभन्दा बढी प्रयोग गर्ने स्वास्थ्य विषयका ४० प्रतिशत छात्र शिक्षकहरु रहेको पाइयो ।

माथि उल्लेखित क्रियाकलापलाई कक्षा अवलोकन फारामबाट पनि अवलोकन गरिएको थियो । यसरी प्राप्त तथ्याङ्क हेर्दा उत्तम/उपयुक्त तरिकाले विषयवस्तुको प्रयोग गर्ने छात्र शिक्षकहरुको संख्या नेपाली विषयका बढी पाइए पनि अंग्रेजी र स्वास्थ्य विषयका छात्र शिक्षकहरु अलि न्यून नै देखिए ।

माथिको विश्लेषण हेर्दा उपयुक्त रुपमा विधिको छनोट र प्रयोग गरी शिक्षण क्रियाकलाप गर्न सफल रहेका नेपाली विषय पढाउने छात्र शिक्षकहरु बढी रहेका छन् भने स्वास्थ्य र अंग्रेजी विषयका छात्र शिक्षकहरु न्यून रहेको देखिन्छ । तर विद्यार्थीलाई उत्प्रेरित गर्ने खालको विधि प्रयोगमा भने स्वास्थ्य विषयका छात्र शिक्षकहरु अगाडि रहेको पाइयो ।

### ४.२.८ शैक्षणिक क्रियाकलाप र मूल्याङ्कन सम्बन्धी

यस शोध अध्ययन कार्यमा छात्र शिक्षकको व्यवहारमा आएको परिवर्तन बुझ्न शैक्षणिक क्रियाकलाप र त्यसमा छात्र शिक्षकले मूल्याङ्कनमा बिताएको समय बुझ्न प्राचार्य/प्र.अ. र विषय शिक्षकलाई प्रतिक्रिया मागिएको थियो । जसलाई निम्न तालिकाबाट प्रस्ट पार्न सकिन्छ ।

**तालिका नं. ४.९**

**क्रियाकलापमा बिताएको समय**

| शैक्षणिक क्रियाकलाप | प्राचार्य/ प्र.अ. | छात्र शिक्षक | शिक्षकहरु | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| पूरै घण्टी गर्ने | ४ | ८ | ३ | १५ | ५८ | |
| केही समय गर्ने | २ | ४ | २ | ८ | ३१ | |
| गर्दै नगर्ने | ० | ३ | ० | ३ | ११ | |

स्रोत: स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.९ अनुसार ६ जना प्राचार्य/प्र.अ., १५ जना छात्र शिक्षक र ५ जना विषय शिक्षकहरुलाई अभ्यास शिक्षण क्रियाकलापमा संलग्न छात्र शिक्षकहरुले के कति समय दिएका थिए भनी प्रश्न सोधिएको थियो । जसमध्ये पूरै घण्टी समय दिएको भन्ने प्रतिक्रिया दिने प्राचार्य/प्र.अ., छात्र शिक्षक साथै विषय शिक्षक १५ जना (५८ प्रतिशत) रहेको पाइयो, केही समय गर्नेमा आएको प्रतिक्रिया ८ जना (३१ प्रतिशत) र क्रियाकलाप नै नगर्ने छात्र शिक्षकको संख्या ३ जना (११ प्रतिशत) रहेको देखियो ।

अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुले बिताएको समय अध्ययन गर्दा कक्षा अवलोकन कार्य गरी प्रत्यक्ष रुपमा तथ्याङ्क संकलन गरिएको थियो । जसमध्ये ४ जना छात्र शिक्षकहरुले त पूरै घण्टी अध्यापन नगरी केही समयमै कक्षा कार्य अन्त्य गरिएको पाइयो ।

माथिको विश्लेषणबाट के प्रस्ट हुन्छ भने कक्षा क्रियाकलापमा पूरै समय दिएर अध्यापन गरिएको भन्ने प्रतिक्रियामा ५८ प्रतिशत संख्या रहे पनि शिक्षण क्रियाकलापलाई त्यति निरन्तरता नदिने र क्रियाकलापमा समावेश नै नहुने छात्र शिक्षकको संख्या पनि रहेको देखियो । यसले गर्दा बाँकी छात्र शिक्षकहरुले शिक्षणमा कुनै समय नदिएको रहेछ भन्ने कुरा बुझिएको छ ।

कक्षा क्रियाकलापमा किन समय नै नदिएको भन्ने प्रश्नको जवाफमा संलग्न ३ जना (११ प्रतिशत) छात्र शिक्षकको प्रतिक्रिया देहाय बमोजिम छ :

> *"अभ्यास शिक्षणमा जाँदा हामी कक्षा ८ मा पढाउन गएका थियौं । विद्यालयमा दैनिक समय तालिकामा तल माथि पर्ने कारण देखाई अतिरिक्त समयमा कक्षा लिने जानकारी पाए पछि हामीले आफ्नो विषयमा दैनिक पाठयोजना बनाए पनि पढाउने कक्षा र विषय भने कुनै निश्चित नै भएन, जुन कक्षामा खाली समय भयो त्यसमा गएर शिक्षण गर्नुपर्ने अवस्था देखियो । त्यस्तो समय हामीलाई केवल १/२ दिन मात्र परेको थियो, अन्य समय हामीलाई कक्षा नै मिलेन तसर्थ हामीले कक्षा क्रियाकलाप त्यति गरिएन भन्दा हुन्छ ।"*

यस भनाईबाट के बुझ्न सकिन्छ भने कतिपय छात्र शिक्षकहरु कक्षा क्रियाकलाप नै नगरी बसेका र कक्षा क्रियाकलाप गर्न पिरियडको समस्या साथै निश्चित समयावधि नै नतोकिएको कारण खुल्न आएको पाइयो ।

## ४.३ अभ्यास शिक्षणबाट शिक्षण सीपमा आएको परिवर्तन

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्न यस शोध अध्ययनलाई केन्द्रित गरी अभ्यास शिक्षणबाट शिक्षण पेशामा संलग्न व्यक्तिहरुमा के कस्ता व्यवहारिक परिवर्तन आउँछन् त भनी प्रश्न सोधी शिक्षण सिपमा आएको परिवर्तन पहिचान गर्न विभिन्न विषयका छात्र शिक्षकहरुसँग तुलनात्मक अध्ययन गरिएको थियो । जसलाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.१०**

**विषयगत छात्र शिक्षकहरुको व्यवहारिक सीपमा आएको परिवर्तन**

| क.सं. | क्रियाकलाप | विषयहरु | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नेपाली छात्र शिक्षक (५) | | अंग्रेजी छात्र शिक्षक (५) | | स्वास्थ्य छात्र शिक्षकहरु (५) | |
| | | जना | प्रतिशत | जना | प्रतिशत | जना | प्रतिशत |
| १ | पाठयोजना निर्माण र प्रयोग | ४ | ८० | ३ | ६० | ४ | ८० |
| २ | पूर्वपाठको पुर्नवलोकन | ४ | ८० | २ | ४० | २ | ४० |
| ३ | वहुशिक्षण विधिको प्रयोग | ३ | ६० | २ | ४० | २ | ४० |
| ४ | शैक्षणिक सामग्री निर्माण र प्रयोग | २ | ४० | ४ | ८० | ३ | ६० |
| ५ | शिक्षण सिकाईमा विद्यार्थी सहभागिता | २ | ४० | ४ | ८० | ३ | ६० |
| ६ | विद्यार्थी मूल्याङ्कन | ४ | ८० | ३ | ६० | २ | ४० |
| ७ | समयको बाँडफाँड र उपयोग | १ | २० | ३ | ६० | २ | ४० |
| ८ | पाठसारको प्रस्तुती | ३ | ६० | २ | ४० | ३ | ६० |
| ९ | गृहकार्य | ३ | ६० | ४ | ८० | २ | ४० |
| १० | विद्यार्थी नियन्त्रण | १ | २० | ३ | ६० | २ | ४० |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं ४.१० अनुसार अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुको व्यवहारिक सीपमा आएको परिवर्तनलाई हेर्दा पाठयोजनाको निर्माण र प्रयोग सम्बन्धमा नेपाली विषयका ८० प्रतिशत, अंग्रेजीका ६० प्रतिशत र स्वास्थ्यका ८० प्रतिशत छात्र शिक्षकहरु सफल भएका पाईए । पूर्व पाठको पुनरावलोकन गर्ने सीप

भएका छात्र शिक्षकहरुमध्ये नेपालीका ८० प्रतिशत, अंग्रेजी र स्वास्थ्य विषयका ४०/४० प्रतिशत रहेका देखिए भने वहुशिक्षण विधिको प्रयोगमा ६० प्रतिशत नेपालीका ४०/४० प्रतिशत अंग्रेजी र स्वास्थ्य विषयका छात्र शिक्षक पाइए । त्यस्तै शैक्षणिक सामाग्री निर्माण, प्रयोग र विद्यार्थी सहभागितामा नेपाली विषयका ४० प्रतिशत, अंग्रेजीका ८० प्रतिशत र स्वास्थ्यका ६०/६० प्रतिशत छात्र शिक्षकहरु सक्षम देखिए । विद्यार्थी मूल्याङ्कन गर्ने क्रियाकलापमा नेपालीका ८०, अंग्रेजीका ६० र स्वास्थ्यका ४० प्रतिशत छात्र शिक्षकहरु सक्षम रहे पनि विद्यार्थी नियन्त्रणमा भने सबभन्दा न्यून २० प्रतिशत छात्र शिक्षकहरु नेपाली विषयका देखिए । त्यस्तै समयको बाँडफाँड र उपयोग गर्न सक्षम २० प्रीतशत नेपाली, ६० प्रतिशत अंग्रेजी र ४० प्रतिशत स्वास्थ्य विषयका छात्र शिक्षकहरु पाइए भने पाठसारको प्रस्तुती गर्ने र गृहकार्य दैनिक रुपमा दिनुपर्छ भन्ने बानीको विकास भएका सबैभन्दा बढी (८० प्रतिशत) अंग्रेजी विषयका छात्र शिक्षकहरुमा देखियो भने नेपाली र स्वास्थ्यका क्रमशः ६० र ४० प्रतिशत छात्र शिक्षकहरु रहेका देखिए ।

माथिको विश्लेषणबाट के थाहा हुन्छ भने पाठयोजना निर्माण र प्रयोग, पूर्वपाठको पुनरावलोकन साथै विद्यार्थी मूल्याङ्कन कार्यमा सबभन्दा बढी सीप भएका ८० प्रतिशत छात्र शिक्षकहरु नेपाली विषयका देखिए भने शैक्षणिक सामाग्रीको निर्माण र प्रयोग, विद्यार्थी सहभागिता साथै गृहकार्य जस्ता क्रियाकलापमा अंग्रेजी विषयका ८० प्रतिशत छात्र शिक्षक सफल भएका देखिए तर स्वास्थ्य विषयका छात्र शिक्षकहरु पाठयोजना निर्माणमा ८० प्रतिशत सफल रहे पनि अन्य क्रियाकलापमा न्यून संख्यामा नै रहेका पाइए । नेपाली र अंग्रेजी विषयका छात्र शिक्षकहरु शिक्षण क्रियाकलापमा बराबर प्रतिशतमा अगाडि रहेका देखिए पनि पूर्ण रुपमा शिक्षण सीप विकास गर्ने कुनै पनि विषयका छात्र शिक्षकहरु अगाडि आएको पाइएन ।

## ४.४ अभ्यास शिक्षण कार्यक्रम संचालन गर्दा आइपर्ने समस्याहरु

अभ्यास शिक्षण कार्यक्रम संचालनमा के कस्ता समस्याहरु आउने गर्दछन् भनि सम्बन्धित विभिन्न पक्षहरुसँग प्रश्नावलीको माध्यमद्वारा प्रतिक्रिया माग्ने प्रयास गरिएको थियो ।

### ४.४.१ कार्यक्रम कार्यान्वयनका समस्याहरु

उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम संचालन गर्दा के कस्ता समस्या आउने गर्दछन् भनि खोज गर्नु पनि यस शोध अध्ययनको अर्को उद्देश्य रहेको थियो । जसलाई पहिचान गर्न उच्च माध्यमिक विद्यालयका प्राचार्य र सहयोगी

विद्यालयका विषय शिक्षकसँग प्रश्न राखिएको थियो । प्राप्त प्रतिक्रियालाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.११**

**अभ्यास शिक्षण कार्यक्रम गर्दा आइपर्ने समस्याहरु**

| विवरण | प्राचार्य/प्र.अ. | शिक्षक | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| समयमा पाठ्यक्रम नपाउनु | ३ | ४ | ७ | ६४ | |
| उचित नीति निर्देशनको अभाव | ४ | ५ | ९ | ८२ | |
| उचित समयावधिको अभाव | १ | २ | ३ | २७ | |
| पूर्णाङ्क अनुसार कार्यक्रम नमिलेको | ५ | ३ | ८ | ७३ | |
| कार्यक्रमको अवधि छोटो | २ | १ | ३ | २७ | |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.११ अनुसार अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा आईपर्ने समस्या सम्बन्धमा ६ जना प्राचार्य/प्र.अ. र ५ जना विषय शिक्षकसँग प्रश्न सोधिएको थियो । जसमा समयमा पाठ्यक्रम नपाउने समस्या बारेमा ३ जना प्राचार्य, प्र.अ. र ४ जना शिक्षक गरी जम्मा ७ जना (६४ प्रतिशत) को प्रतिक्रिया रहेको देखिन्छ । उचित नीति निर्देशनको अभावमा ४ जना प्राचार्य/प्र.अ. साथै ५ जना विषय शिक्षक गरी जम्मा ९ जना (८२ प्रतिशत), उचित समयावधिको अभाव सम्बन्धी १ जना प्राचार्य र २ जना विषय शिक्षक गरी जम्मा ३ जना (२७ प्रतिशत) संख्या रहेको देखियो । त्यस्तै, पूर्णाङ्क अनुसार कार्यक्रम नमिलेको सम्बन्धमा ५ जना प्राचार्य/प्र.अ., साथै ३ जना विषय शिक्षक गरी जम्मा ८ जना (७३ प्रतिशत), कार्यक्रमको अवधि छोटो भएको सम्बन्धी २ जना प्राचार्य/प्र.अ., साथै विषय शिक्षक १ जना गरी जम्मा ३ जना (२७ प्रतिशत) ले सकरात्मक प्रतिक्रिया दिईएको पाइयो ।

माथिको तालिका विश्लेषणबाट के प्रस्ट भएको छ भने शिक्षण सिकाई क्रियाकलापमा आईपर्ने समस्याहरु मध्ये सबभन्दा बढी उचित नीति निर्देशनको अभावमा ८२ प्रतिशत रहेको पाइयो भने सबभन्दा कम कार्यक्रमको अवधि छोटो भएको भन्नेमा २७ प्रतिशत रहेको पाइयो । तसर्थ अभ्यास शिक्षण कार्यक्रममा आउने यस्ता समस्याहरुलाई विशेष रुपमा ध्यान दिँदै अगाडि बढ्नु पर्ने जरुरत देखिन्छ ।

### ४.४.२ अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा छात्र शिक्षकलाई आईपरेका समस्याहरु

अभ्यास शिक्षण कार्यक्रममा संलग्न छात्र शिक्षकहरुलाई शिक्षण क्रियाकलापमा आईपरेका समस्याहरुलाई कसरी लिनु भएको छ भन्ने प्रश्नको प्रतिक्रियामा १५ जना छात्र शिक्षकहरुलाई प्रश्न सोधिएको थियो । प्राप्त प्रतिक्रियालाई निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४.१२**

**अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा छात्र शिक्षकमा आईपरेका समस्याहरु**

| समस्याहरु | छात्र शिक्षक | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| सहयोगी विद्यालयको अभाव | ५ | ५ | ३४ | |
| पिरियडको अभाव | ४ | ४ | २६ | |
| पाठ्यपुस्तकको अभाव | २ | २ | १४ | |
| आन्तरिक सुपरिवेक्षकको कमि | ४ | ४ | २६ | |

स्रोतः स्थलगत अध्ययन, २०६७ ।

माथिको तालिका नं. ४.१२ अनुसार अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा छात्र शिक्षकलाई आईपरेका समस्याहरुमा १५ जना छात्र शिक्षकहरुको प्रतिक्रिया लिइएको थियो । माथि उल्लेखित समस्याहरुमा सबभन्दा बढी देखिएको ३४ प्रतिशत संख्याले सहयोगी विद्यालयको अभाव सम्बन्धमा र सबभन्दा कम पाठ्यपुस्तकको अभावमा १४ प्रतिशत संख्याको प्रतिक्रिया रहेको देखियो भने पिरियडको अभाव र आन्तरिक सुपरिवेक्षकको अभाव रहेको भन्ने प्रतिक्रियामा २६/२६ प्रतिशत छात्र शिक्षकहरुको संख्या देखिन्छ ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ मुख्य प्राप्तिहरु

कुनै पनि कार्यक्रम संचालन गर्नुको आ-आफ्नो उद्देश्य हुन्छ । उच्च माध्यमिक तहमा संचालन गरिने अभ्यास शिक्षण कार्यक्रमको पनि आफ्नै उद्देश्य रहेको पाईन्छ । यी उद्देश्यहरु तब मात्र प्राप्ति हुन सक्छन्, जब यो कार्यक्रमको लागि आवश्यक लगानी र प्रभावकारी रुपमा लगानीको कार्यान्वयन हुन्छ । यस अध्ययनको मुख्य उद्देश्य पनि उ.मा.वि. तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गर्नुमा केन्द्रित रहेको हुँदा यस कार्यक्रमलाई निकै मार्मिक र गहिरो तरिकाले विभिन्न समस्याहरुसँग सामना गर्दै अध्ययन अगाडि बढाइयो । यस अध्ययनबाट प्राप्त भएका मुख्य मुख्य प्राप्तिहरुलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

### ५.१.१. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी प्राप्तिहरु

अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययनमा निम्न तथ्य प्राप्ति भएको पाइयो ।

- अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा अधिकांशले उद्देश्यको आधारमा शिक्षण गरेको पाइयो । केही छात्र शिक्षकहरु भने शिक्षण अभ्यासका विभिन्न पक्षमा अनविज्ञ रहेको पाइयो ।
- अभ्यास शिक्षण क्रियाकलाप पाठ्यक्रम सम्बन्धित रहे नरहेको अवस्थालाई हेर्दा ९० प्रतिशत जति पाठ्यक्रम/निर्देशिका सम्बन्धित रहेको पाइयो । केहि (१० प्रतिशत) कार्य भने अझै मनोमानी ढंगबाट अगाडि बढेको पाइयो ।
- अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरु अधिकांशले अभ्यास शिक्षणको निश्चित समयावधि भित्रै रहेर शिक्षण क्रियाकलाप सम्पन्न गरेको पाइयो । केहि छात्र शिक्षकहरु भने शिक्षण क्रियाकलापको समयावधि सम्बन्धी कुनै जानकारी नभएको पाइयो ।
- अभ्यास शिक्षण कार्यक्रमलाई निरन्तर रुपमा अगाडि बढाउन सुपरिवेक्षण कार्यमा त्यति नियमितता रहेको पाइएन । अधिकांश जसो वाह्य सुपरिवेक्षक आउँदा मात्र आन्तरिक सुपरिवेक्षण गरिने गरेको पाइयो ।
- अभ्यास शिक्षण कार्यमा संलग्न छात्र शिक्षकहरु मध्ये ६७ प्रतिशत संख्या पाठयोजना निर्माण कार्यमा सफल भएको पाइयो, तर केहि छात्र शिक्षकहरु भने पाठयोजना निर्माण कार्यमा अनविज्ञ रहेको पाइयो ।

- शैक्षणिक उद्देश्य निर्माण कार्यलाई अध्ययन गर्दा उद्देश्य निमार्ण कार्यमा कठिनाई नभएको भन्नेको संख्या न्यून देखियो भने अधिकांश छात्र शिक्षकहरुले विशिष्ट उद्देश्य निर्माण गर्न असफल भएको देखियो ।
- शैक्षणिक सामग्री छनोट र प्रयोग कार्यलाई हेर्दा उचित सामग्री छनोट र प्रयोग गर्ने छात्र शिक्षकहरु ८० प्रतिशत रहेको पाइयो तर स्तरयुक्त सामग्री छनोट र प्रयोग गर्न असक्षम छात्र शिक्षकहरुको संख्या भने न्यून नै रहेको देखियो । जसबाट सामग्री छनोट र प्रयोगमा सफलता नै रहेको देखिन्छ ।
- शिक्षण क्रियाकलाप र विधि प्रयोग बारेमा प्राप्त तथ्य हेर्दा विषयवस्तु अनुसार उपयुक्त विधि प्रयोग गरी क्रियाकलाप गर्ने नेपाली विषयका छात्र शिक्षकहरुको संख्या बढी रहेको देखियो तर स्वास्थ्य विषयका छात्र शिक्षकहरु न्यून रहेको पाइयो ।
- शिक्षण क्रियाकलाप र मूल्याङ्कन बारेमा अध्ययन गर्दा निश्चित समयावधिको बारेमा अधिकांश छात्र शिक्षकहरु सक्षम भएका देखिए पनि समयावधि बारेमा अनविज्ञ छात्र शिक्षकहरु पनि रहेको पाइयो ।
- विषयगत छात्र शिक्षकहरुको शिक्षण सीपमा आएको व्यवहारिक परिवर्तनलाई हेर्दा प्रत्येक विषयका अधिकांश छात्र शिक्षकहरुले पाठयोजना निर्माण देखि शिक्षण क्रियाकलापका हरेक पक्षहरुमा सफलता हासिल गरेको पाइयो । यसरी सफलता हासिल गर्ने छात्र शिक्षकहरु मध्ये नेपाली र अंग्रेजी विषयका देखिए भने स्वास्थ्य, विषयका छात्र शिक्षकहरुमा कम प्रतिशत सफल भएको पाइयो । निष्कर्षमा भन्दा अधिकांश छात्र शिक्षकहरुको शिक्षण सीपमा व्यवहारिक परिवर्तन रहेको पाइयो ।
- अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा थुप्रै समस्याहरु देखिएका र त्यसमा पनि अभ्यास शिक्षण सम्बन्धी उचित नीति नियमको अभाव पाठ्यक्रमको अभाव समयावधिको अभाव, सहयोगी विद्यालयको अभाव, पाठ्यपुस्तकको समस्या, सुपरिवेक्षकको कमी, सामग्रीको अभाव आदि जस्ता समस्याहरुले गर्दा कार्यान्वयनमा समस्या परेको पाइयो

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययन “उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था” शीर्षकमा अगाडि बढाइएको थियो । उच्च माध्यमिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन अवस्था के कस्तो छ ? पाठ्यक्रम केन्द्रित अभ्यास शिक्षण प्रक्रिया, अभ्यास शिक्षणबाट शिक्षकको शिक्षण सीपमा आएको

व्यवहारिक परिवर्तन र अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरुलाई केलाउनु यस अध्ययनको मुल उद्देश्य रहेको थियो । यी तीनवटै उद्देश्यमा गरिएको खोजलाई कक्षा अवलोकन फारम, प्राचार्य/प्र.अ., सहयोगी विद्यालयका विषय शिक्षक साथै विभिन्न विषयका १५ जना छात्र शिक्षकहरुसँग खुल्ला तथा बन्द प्रश्नावलीको माध्यमद्वारा प्रतिक्रिया मागिएको थियो । यसरी प्राप्त प्रतिक्रियाहरुलाई विभिन्न तालिकाको माध्यमबाट विश्लेषण र व्याख्या गर्दा निम्न निष्कर्षमा पुगियो ।

- अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्थालाई हेर्दा अधिकांशले उद्देश्यको आधारमा शिक्षण गरेको पाइयो । केही छात्र शिक्षकहरु भने अभ्यास शिक्षणका विभिन्न पक्षमा (पाठ योजना निर्माण, उद्देश्य निर्माण, सामग्री प्रयोग, विद्यार्थी मूल्याङ्कन) अनविज्ञ रहेको पाइयो । अभ्यास शिक्षण कार्य पाठ्यक्रम अनुरुप संचालन भएको तथ्याङ्क बढी नै पाईएता पनि कतिपय विद्यालयहरुको उक्त कार्यक्रम संचालनमा नियमानुसार गरेको देखिएन ।
- अभ्यास शिक्षणको समयावधिलाई मध्यनजर गरी शिक्षण गरिएको पाइयो । उच्च माध्यमिक तहमा संचालन गरिने अभ्यास शिक्षण कार्यक्रममा खटिएका छात्र शिक्षकहरुको सुपरिवेक्षण तरिकामा एउटै प्रक्रिया भएको देखिएन, केहि आन्तरिक सुपरिवेक्षक आफ्नै उ.मा.वि. का शिक्षकहरुबाट छनोट गर्ने गरेको पाइयो भने केहि वाह्य शिक्षण संस्थाबाट आउने गरेको तथ्य प्राप्त भयो । यसका साथै वाह्य सुपरिवेक्षकले नियमानुसार गर्ने गरेको भएता पनि अधिकांश आन्तरिक सुपरिवेक्षकले समयसमयमा कक्षा अवलोकन गरी सुझाव दिने गरेको पाइएन ।
- अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुले पाठ्यक्रम भित्र रहेर शिक्षण कार्य गर्दै आएको पाइयो । त्यसका साथै पाठयोजना निर्माण विशिष्ट उद्देश्य निर्माण, शिक्षण सामग्रीको प्रयोग साथै क्रियाकलाप र विधिको बारेमा अधिकांशले सफल रुपमा कार्य गरेको पाइयो । तर केही विद्यालयहरुमा यी पक्षहरु प्रभावकारी हुन नसकेको देखियो ।
- शिक्षण क्रियाकलाप र मूल्याङ्कन सम्बन्धी हेर्दा अधिकांश छात्र शिक्षकहरुले निश्चित समयसीमा भित्र रहि शिक्षण क्रियाकलाप गरेको पाइयो भने केहिमा मूल्याङ्कन कार्य उपयुक्त तरिकाले संचालन गर्न नसकेको पाइयो ।

समग्रमा हेर्दा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनबाट उद्देश्य निर्माण, सामाग्री प्रयोग, विधिको छनोट, मूल्याङ्कन सीपमा परिवर्तन भएको पाइयो भने नियमानुसार अभ्यास शिक्षण कार्यक्रम संचालनमा प्रभावकारीता देखिएन । यसको

कारणमा उचित नीतिको अभाव, पाठ्यक्रमको उपलब्धता नहुनु, आन्तरिक सुपरिवेक्षकबाट सुधारको लागि पृष्ठपोषण प्राप्त नहुनु, अभ्यासको लागि सहयोगी विद्यालय र कक्षा नहुनु, कक्षा भए पनि पूरा समय कक्षा लिन पाउने व्यवस्था नहुनु आदि रहेको पाइयो ।

## ५.३ सुझावहरु

कुनै कार्यक्रम कार्यान्वयन गरिसकेपछि त्यस कार्यक्रमका सबल पक्षहरु र दुर्वल पक्षहरुको मूल्याङ्कान गर्दै आगामी दिनहरुमा प्रभावकारी ढंगबाट संचालन गर्न सकियोस् भन्ने आशाका साथ आवश्यक सुझावहरु पेश गर्नु सकरात्मक ठानी यस अध्ययनकबाट प्राप्त निष्कर्षको आधारमा निम्न सुझावहरुलाई अगाडि सारिएको छ ।

- अभ्यास शिक्षण वा कक्षा १२ को कोर्ष नं. ९२० को पाठ्यांशलाई निश्चित समय भित्र उच्च माध्यमिक विद्यालयहरुमा उपलब्ध गराईनु पर्ने । यसको लागि शैक्षिक सत्र शुरु हुनु अघि नै विद्यालयमा पाठ्यक्रम पठाउने कार्यमा उच्च माध्यमिक शिक्षा परिषद्बाट मिलाउने ।
- यस अभ्यास शिक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन निश्चित नीति निर्देशनको तय गरी आवश्यक कार्यान्वयनमा ध्यान दिईनु पर्ने । यसको लागि छात्र शिक्षकको समयावधी निश्चित गरिनु पर्ने, छात्र शिक्षकको हाजिरी प्र.अ.ले राख्नु पर्ने, छात्र शिक्षकलाई पठाउँदा उत्कृष्ट, मध्यम र निम्न स्तरका छ्यासमिस् गरी पढाईनु पर्ने, प्रत्येक वर्ष विद्यालयका एक जना शिक्षकलाई तालिममा पठाइनु पर्ने, शिक्षण कार्यक्रम सम्बन्धी छात्र शिक्षण विभाग समिति र सहयोगी विद्यालयका प्र.अ. वा प्रशासन पक्षसँग गोष्टी हुनु पर्ने जस्ता कुरामा ध्यान दिइनु पर्दछ ।
- अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षकहरुलाई प्रभावकारी ढंगमा ज्ञान, सीप हासिल हुन सक्ने गरी सुक्ष्म अभ्यासलाई अझ बढी निरन्तरता दिइनु पर्ने साथै छात्र शिक्षकको अध्ययन अवधिमा पनि प्राक्टिकलको लागि हप्ता-हप्तामा साथीहरुको बिचमा शिक्षण कार्य गर्ने खालको वातावरण सृजना गरिनु पर्ने ।
- यस कार्यक्रमलाई प्रभावकारी रुपमा सम्पन्न गर्न उत्कृष्ट कार्य गर्ने छात्र शिक्षक, विषय शिक्षक सुपरिवेक्षकलाई आर्थिक वा अन्य तरिकाबाट प्रोत्साहन गर्ने गरिनुपर्छ ।
- विद्यार्थीहरुलाई समान दृष्टिकोणबाट हेरी उनीहरुले गर्ने कार्यसम्पादन मूल्याङ्कनका आधारमा अंक प्रदान गर्ने गरेमा मेहनत गर्ने बानीको विकास हुन्छ ।

- कार्यक्रम कार्यान्वयनको समयावधि थप गरी ४० वा ४५ दिन सम्म पुऱ्याउन सकेमा छात्र शिक्षकहरु अझै बढी अनुभव बटुल्न सक्ने थिए ।
- उच्च माध्यमिक तहको अभ्यास शिक्षण कार्यक्रमलाई अरु व्यवसायिक तथा प्राविधिक विषयवस्तु जस्तै कार्यान्वयन गरिनु पर्ने । त्यसमा दैनिक वा साप्ताहिक रुपमा प्राक्टिकल गर्ने व्यवस्था मिलाउन विद्यालयद्वारा नीति अवलम्बन गरिनु पर्ने ।
- सहयोगी विद्यालयका प्र.अ. र विषय शिक्षक कै निगरानी र सहयोगमा छात्र शिक्षकहरुले अध्यापन गर्नुपर्ने । सकभर शिक्षण विधिको ज्ञान भएको शिक्षकलाई निरीक्षक तोकिएमा सीपमा सुधार गर्न सहयोग पुग्छ ।
- शिक्षण क्रियाकलाप गर्दा दैनिक पाठयोजना विनाको कक्षा कार्यलाई आन्तरिक सुपरिवेक्षणद्वारा मान्य नहुने नीति निर्देशन भएमा मात्र शिक्षकहरुको व्यवहारमा सुधार हुन सक्ने देखिन्छ । साथै पाठयोजना, सामग्री, शिक्षण कौशल, विषयगत दक्षता, मूल्याङ्कन प्रविधि जस्ता कुरामा राम्ररी प्रशिक्षण गरी पठाइनु पर्ने ।

# ;Gbe{;fdu|L

अधिकारी, विष्णु प्रसाद (२०६०), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* काठमाडौं : आशिष पुस्तक भण्डार, बागबजार ।

अधिकारी, विष्णु प्रसाद (२०६६), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाडौं : आशिष बुक्सहाउस प्रा.लि., बागबजार ।

अधिकारी, विष्णु प्रसाद (२०६७), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* काठमाडौं : आशिष पुस्तक भण्डार, बागबजार ।

आचार्य, एकारान्त (२०६२), *अभ्यास शिक्षणको रुप रेखा,* काठमाडौं : सुकुन्दा पुस्तक भवन, भोटाहिटी ।

खनाल, श्रीप्रसाद तथा मुडभरी, नवराज (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : जुपिटर पब्लिसर्स एण्ड डिष्ट्रीब्युटर्स, कीर्तिपुर ।

खड्का, ढाल बहादुर (२०६६), *पाठ्यक्रम कार्यान्वयन तथा विषय छनोट निर्देशिका २०५५*

(परिमार्जन २०६६), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

ढकाल, माधव प्रसाद (२०५५), *अभ्यास शिक्षणका सिद्धान्त र प्रयोग,* काठमाडौं : रत्न पुस्तक भण्डार, नेपाल ।

पाण्डे, मधुसुदन (२०४४), शिक्षामा जनसहभागिता, शैक्षिक मञ्च (अङ्क १), काठमाडौं ।

पौडेल, लेखनाथ (२०६४), *नेपालको सन्दर्भमा विद्यालयमा आधारित शैक्षिक व्यवस्था,* काठमाडौंः रत्न पुस्तक भण्डार, भोटाहिटी ।

भण्डारी, विन्दु (२०६७), *शिक्षाः शिक्षकको शिक्षण सीप,* काठमाडौं : शिक्षा मन्त्रालय ।

वास्तोला, भेषराज (२०६२), *प्राथमिक शिक्षक तालिमले शिक्षण सिकाईमा पारेको प्रभाव* (अप्रकाशित), शोधअध्ययन त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

विष्ट, दिपेन्द्र (२०६०), शिक्षक तालिम बारे एक झलक, *अन्तर्राष्ट्रिय शैक्षिक मञ्च* ( वर्ष २, अङ्क १, पूर्णाङ्क ७), काठमाडौं ।

शिक्षा मन्त्रालय (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९,* काठमाडौं : शिक्षा मन्त्रालय, केशरमहल ।

शिक्षा पत्रिका (२०६७), *शिक्षकको शिक्षण सीप,* नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०५९/०६०), *अर्धवार्षिक शैक्षिक पत्रिका,* नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

शिक्षा तथा खेलकुद मन्त्रालय (२०६२), *शिक्षक र शिक्षण क्रियाकलाप (मासिक पत्रिका)*, केशरमहल, काठमाडौं ।

श्रेष्ठ, प्रकाशमान (२०६४), *नेपालमा पाठ्यक्रम निर्माण तथा कार्यान्वयन*, बागबजार : भूडीपूरण प्रकाशन, काठमाडौं ।

श्रेष्ठ, हर्क प्रसाद (२०६७), *दुर शिक्षा : खुला विद्यालयको अवस्था र भावी स्वरुप*, शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी, भक्तपुर ।

Aggrawal, J. C. (1992), *Method and materials of nursary and pre-primary education.* India: Boabas House, Delhi.

शर्मा एण्ड शर्मा (२०६५/६६), *कक्षाकोठामा मनोविज्ञान सहायक*, काठमाडौं : सनलाईट पब्लिकेशन, स्टुडेण्ट बुक्स कीर्तिपुर ।

शर्मा, जुगलाल (२०६६), *उच्च माध्यमिक तहमा अभ्यास शिक्षणको प्रभावकारिता शोध अध्ययन*, शिक्षा शास्त्र संकाय, त्रि.वि., कीर्तिपुर ।

## अनुसूची १

## कक्षा अवलोकन फारमको नमूना (२०६७)

**छात्र शिक्षकको नामः** **विद्यालयको नामः**

**कक्षाः** **ठेगानाः**

**विषयः** **मितिः**

**एकाई शिर्षकः** **घण्टीः**

**पाठ शिर्षकः** **समयः**

| | | स्तर अकं | | | | |
|---|---|---|---|---|---|---|
| क.सं. | विवरण | अति उत्तम | उत्तम | मध्यक | ठिक्क | कैफियत |
| १ | **छात्र शिक्षकको अवस्था** | | | | | |
| | **क**) सफा सुघर | | | | | |
| | ख) आत्मविश्वास | | | | | |
| | ग) भाषाको शुद्दता | | | | | |
| | घ) वोलिको शुद्धता | | | | | |
| २. | **पाठको प्रारम्भ** | | | | | |
| | क) कक्षा व्यवस्थापन | | | | | |
| | ख) विषयवस्तुको अनुभव | | | | | |
| | ग) पाठप्रति रुचि जागरण | | | | | |
| ३. | **पाठको प्रस्तुतीकरण** | | | | | |
| | क) विषयवस्तुको ज्ञान | | | | | |
| | ख) पाठ कोकमवद्धता | | | | | |
| | ग) उदाहरणको प्रस्तुतीकरण | | | | | |
| ४. | **विद्यार्थी कियाकलाप** | | | | | |
| | क) विद्यार्थीहरुको सकियता | | | | | |
| | ख) प्रश्नोत्तोर | | | | | |
| | ग) विद्यार्थी अनुसरण | | | | | |
| ५. | **शैक्षणिक सामग्रीको प्रयोग** | | | | | |
| | क)स्पष्ट देखिने | | | | | |
| | ख) स्पष्ट वुझिने | | | | | |
| | ग) पाठसंग सम्वन्धित | | | | | |
| | घ) प्रयोगमा उपयूक्तता | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६. | **कालोपाटीको प्रयोग** | | | | | |
| | क) नियमित | | | | | |
| | ख) अनियमित | | | | | |
| | ग) प्रयोग नै नगर्ने | | | | | |
| ७. | **शिक्षकको कियाकलाप** | | | | | |
| | क) व्याख्या | | | | | |
| | ख) प्रर्दशन | | | | | |
| | ग) पाठस.ग सम्वन्धित | | | | | |
| | घ) प्रयोगमा उपयुक्तता | | | | | |
| ८. | **शिक्षण विधिको मूल्याङकन** | | | | | |
| ९. | **मूल्याङकन** | | | | | |
| | क) पाठको उद्धेश्य | | | | | |
| | ख) मूल्याकंनको साधन र त्यसको उपयुक्तुता | | | | | |
| | ग) गृहकार्य | | | | | |

## अनुसूची २

## प्राचार्य/प्र.अ. अन्तर्वार्ता निर्देशिका

**उ.मा. वि./सहयोगी विद्यालयको नाम :** ............. **ठेगानाः** .................

**प्राचार्य/प्र.अ.को नाम :** ............................................. **अनुभव :** ...............

**शैक्षिक योग्यता :** .............................................. **तालिमः** .................

**विशिष्टिकरण विषय :** ............................................... **मितिः** .................

| |
|---|
| यो अन्तवार्ता निर्देशिका त्रि.वि.शिक्षाशास्त्र संकाय एम.एड. दोस्रो वर्षको शोधपत्र तयार गर्ने उद्देश्यले वनाईएको हो । यसमा दिईएको उत्तर शोधकार्य वाहेक अन्यमा प्रयोग नगरिने व्यहोरा जानकारी गराउँछु । |

१. तपाईको उ.मा.वि.मा कति विद्यार्थीहरु छन् ?

| | | |
|---|---|---|
| छात्र | | |
| छात्रा | | |
| जम्मा | | |

२. तपाईको उ.मा.वि.मा शिक्षा धारका कुन कुन विषयहरुको पठन पाठन हुदैं आएको छ ?

उत्तरः ...........................................................................................

३. कक्षा १२ को प्राक्टीकम विषयको अध्ययन गराउनु हुन्छ कि सोझै अभ्यास शिक्षणमा छात्र शिक्षकलाई खटाउनु हुन्छ ?

उत्तरः ...........................................................................................

४. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा पाठ्यशिक्षालाई आधार मान्नु हुन्छ या आफ्नै तरिकामा गराउनु हुन्छ ?

क) आधार मानिन्छ ख) आधार मानिदैन ग) पाठयांश नै छैन

५. अभ्यास शिक्षण मार्फत छात्र शिक्षकहरुमा के कस्ता शिक्षण सिप र पेशागत गुणको विकास भएको मान्नु हुन्छ ?

उत्तरः ...........................................................................................

६. छात्र शिक्षकहरुले अभ्यास शिक्षणका सवै प्रक्रियाहरु अपनाएको पाउनु हुन्छ ?

क) सवैले पुरयाउँछन ख) केहिले मात्र पुरयाएका छन्

ग) प्रक्रिया नै उनिहरुलाई थाहा छैन

७. अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्याहरु तपाईले पाउनु भएको छ ?

क) समय मै पाठयक्रम नपाउनु ख) पाठयांशको अभाव

ग) उचित नीतिर्निदेशनको अभाव घ) उचित समयावधिको अभाव

ङ) पूर्णाङअनुसार कार्यक्रम नमिल्ने च) कार्यक्रम अवधि छोटो

छ) उचित वजेट ब्यवस्थापनको कमि

८. के उ.मा.शिक्षा संचालन भएका सवै विद्यालयहरुले अभ्यास शिक्षण कार्यक्रम संचालन गर्दे आएका छन् ?

क) छ ख) छैन

९. के अभ्यास शिक्षण कार्यत्रमले शिक्षकहरुको व्यवहारमा परिवर्तन ल्याउन सकेको छ ?

उत्तरः.........................................................................................

१०. के शिक्षण पेशालाई प्रभावकारी वनाउन अभ्यास शिक्षण कार्यकमको आवस्यकता पर्दछ ?

उत्तर.........................................................................................

१. अभ्यास शिक्षण कार्यकमलाई सु(व्यवस्थित गर्न कुनकुन पक्षमा वढी ध्यान दिनु पर्ला ?

उत्तरः.........................................................................................

१२. तपाई आन्तरिक सुपरिवेक्षक भएको भए कक्षा सुपरिवेक्षणमा कत्तिक ध्यानदिनु हुन्थ्यो ?

क) हप्ता/ हप्तामा गरिन्थ्यो ख) अवधिभर एकपटक गरे पुग्थ्यो

ग) वाह्यसुपरिवेक्षक आउदा विशेष ध्यान दिईन्थ्यो

१३. तपाईको कक्षा अवलोकन अनुसार अभ्यास शिक्षण कार्यक्रम पाठयक्रम केन्द्रित भएको पाउनु भयो ?

क) पाठयक्रम केन्द्रित भएको ख) अलिअलि भएको

ग) नभएको

१४. तपाईको विधालयमा आएका छात्र शिक्षकहरुले शिक्षण कार्यक्रममा कति समय लिनु हुन्छ ?

क) पुरै घण्टी ख) केहि समय मात्र ग) गर्नै नगर्ने

१५. अभ्यास शिक्षण कार्यक्रममा छात्र शिक्षकहरुले दैनिक पाठ याजना निर्माण गरेको पाउनु भएको छ ?

क) वनाउने गरेको छ ख) कहिलेकांहि वनाउने् गर्छन्

(ग) कहिल्यै वनाउदेनन्

१६. शैक्षणिक उद्धेश्यमा देखा परेका कठिनाईहरुलाई कसरि लिनु भएको छ ?

उत्तर : .........................................................................................

१७. यस कार्यक्रमलाई प्रभावकारि वनाउन के के काम गर्नु पर्ला ?

उत्तर :.........................................................................................

१८. अन्तमा यस कार्यकम प्रति तपाईको केहि सुझाव छ ?

उत्तरः.........................................................................................

**(सहयोगको लागि धन्यवाद)**

## अनुसूची ३

## शिक्षक प्रश्नावली

**सहयोगी विद्यालयको नाम :** .............................. **ठेगानाः** ..........................

**विषय शिक्षकको नाम :** ................................. **अनुभव :** ..........................

**शैक्षिक योग्यता :** ....................................... **तालिम :** ..........................

**विशिष्टिकरण विषय :** ............................ **मितिः** ..........................

उच्च माध्यामिक तहमा अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयनको अवस्था अध्ययन गर्न सहयोगी विद्यालयका शिक्षकसँगको खुल्ला तथा वन्द प्रश्नावली

१. तपाई शिक्षक भएको नाताले अभ्यास शिक्षण कार्यक्रमको महत्वलाई कसरी हेर्नु भएको छ ?

उत्तरः ....................................................................................

२. के शिक्षक आफ्नो पेशामा संलग्न हुनु अगाडी अभ्यास शिक्षण गरिनु जरुरी मानिन्छ ?

उत्तरः ....................................................................................

३. शिक्षण पेशामा अभ्यास शिक्षणको अवधारणा वारे कुनै जानकारी छ ?

क) छ ख) छैन

४. अभ्यास शिक्षण कार्यक्रम विशेष गरि कुन तहलाई अनिवार्य मानिन्छ ?

उत्तरः ....................................................................................

५. अभ्यास शिक्षण कार्यकमलाई कक्षा १२ को अन्तमा मात्र संचालन गरिनुका कुनै २ वटा कारण के हुन सक्छन् ?

उत्तरः ....................................................................................

६. के अभ्यास शिक्षण कार्यकम पाठयकम अनुरुप संचालनमा आएको पाउनु भएको छ ?

क) छ ख) छैन ग) अलि अलि

७. छैन भने पाठयकम अनुरुप नहुनुमा कुनै कारण छ कि ?

उत्तरः ....................................................................................

८. के अभ्यास शिक्षण कार्यकम वाट शैक्षणिक उद्धेश्य प्राप्त गर्न सकिन्छ ?

(क) सकिन्छ (ख) केहि मात्रामा (ग) सकिदैन

९. सकिन्छ भने शैक्षणिक उद्धेश्यको प्राप्ति कसरी भएको मान्न सकिन्छ ?

उत्तरः ....................................................................................

१०. उद्देश्य निर्माण गर्दा वढी भन्दा वढी आउने समस्या के के हुन सक्छन् ?

उत्तरः ....................................................................................

११. अभ्यास शिक्षण कार्यकमवाट शिक्षकमा सकारात्मक ज्ञान र सिप विकास हुन्छ भन्नुमा कत्तिको विस्वस्त हुनु हुन्छ ?

(क) विस्वस्त छु (ख) छैन

१२. अभ्यास शिक्षण क्रियाकलाप गर्दा छात्र शिक्षकले के कति समय शिक्षण गरेको पाउनु भएको छ ?

क) पूरै घण्टि गर्ने (ख) केहि समय गर्दछन् (ग) गर्नै गर्दैनन्

१३. अभ्यास शिक्षण कार्यक्रमवाट शिक्षकमा सकारात्मक ज्ञान र सिप प्राप्त हुन्छ भन्नुमा विश्वस्त हुनुहुन्छ भने कुन कुन कुरामा हुनुहुन्छ ?

उत्तरः ...................................................................................

१४. अभ्यास शिक्षण कार्यक्रम पाठयक्रम केन्द्रित कार्यन्वयन भएको छ ?

उत्तरः ...................................................................................

१५. अभ्यास शिक्षणमा कार्यक्रम संचालन गर्दा तपाईको विद्यालयको वार्षिक कार्यतालिकामा कस्तो प्रभाव पर्ने गर्दछ ?

उत्तरः ...................................................................................

१६. अभ्यास शिक्षणमा आएका छात्र शिक्षकहरुलाई कसरी सहयोग गर्नु भएको छ ?

उत्तरः ...................................................................................

१७. तपाईले आन्तरिक सुपरिवेक्षकमा कत्तिको ध्यान दिनु भएको छ ?

क) हप्ता/ हप्तामा गरिन्थ्यो ख) अवधिभर एकपटक गरे पुग्थ्यो

ग) वाह्यसुपरिवेक्षक आउदा विशेष ध्यान दिईन्थ्यो

१८. तपाइले छात्र शिक्षकहरुलाई कक्षा कार्यमा सहयोग गर्नु हुन्छ कि हुदैन ?

(क) गरिन्छ (ख) गरिदैन (ग) कहिले काही

१९. अभ्यास शिक्षण कार्यकमलाई शु व्यवस्थित गर्न कुन कुन पक्षलाई बढी ध्यान दिनु पर्ला ?

उत्तरः ...................................................................................

२०. अभ्यास शिक्षणमा आउने छात्र शिक्षकलाई तपाईको सुझाव कस्तो रहन्छ ?:

उत्तरः ...................................................................................

२१. अभ्यास शिक्षण कियाकलापमा के कस्ता समस्याहरु आउने गर्दछन् ?

क) समय मै पाठयक्रम नपाउनु ख) पाठयांशको अभाव

ग) उचित नीतिर्निदेशनको अभाव घ) उचित समयावधिको अभाव

ङ) पूर्णाङअनुसार कार्यक्रम नमिल्ने च) कार्यक्रम अवधि छोटो

छ) उचित वजेट ब्यवस्थापनको कमि

२२. अभ्यास शिक्षण कार्यकम कार्यान्वयनमा आउने समस्याहरुलाई समाधान गर्न कुन कुरामा सुधार ल्याउनु आवस्यक हुन्छ ?

उत्तरः ...................................................................................

२३. अभ्यास शिक्षण कार्यकम संचालनमा तपाइको कुनै सुझाव छ कि ?

उत्तरः ...................................................................................

**सहयोगको लागि धन्यवाद**

## अनुसूची ४

## छात्र शिक्षकको लागि प्रश्नावली

**सहयोगी विधालयको नामः** ................................ **ठेगानाः** .......................

**छात्र शिक्षकको नाम :** ........................... **जिल्ला :** .......................

**पढाउनु भएको कक्षाः** ............................ **विद्यार्थी संख्याः** ..................

**पढाउनु भएको विषय :**........................... **मितिः** .......................

१. तपाईले कुन कुन विषय पढाउनु हुन्छ ?

| क्र.स. | विषय | हप्तामा कति पिरियड | तपाइको मुख्य विषय | पढाउने ईच्छा भएको विषय |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

२. अभ्यास शिक्षण पुर्व शुष्म शिक्षण कार्य गर्नु भएको थियो ?

(क) गरिएको थियो (ख) थिएन (ग) १ दिनमात्र (घ) धेरै दिन

३. यदि शुक्ष्म शिक्षण कार्य गरिएन भने किन गरिएन ?

उत्तरः ..........................................................................................

४. शिक्षण गर्दा पाठयोजना निर्माण गर्नु हुन्छ ?

क) वनाउन्छु ख) कहिले काहिं वनाउन्छु ग) कहिल्यै वनाउदैन

५. पाठयोजना कहिले वनाउनु हुन्छ ?

(क) पढाउनु भन्दा पहिले (ख) कहिले पढाउनु अघि कहिले पछि

(ग) पढाइ सके पछि (घ) कहिले पाठयोजना नवनाईकनै पढाइन्छ

६. पाठयोजना वनाउदा तपाइलाई के के समस्या अनुभव हुन्छ?

(क) उद्देश्य व्यवहारिक एव विशिष्ट वनाउन जानेन,

(ख) शैक्षणिक सामग्री जुटाउने समस्या परयो

(ग) मिल्दो शिक्षण विधि अपनाउन गाह्रो परयो,

(घ) विधार्थीहरुका कियाकलाप लेख्न अप्ठयारो पर्छ,

(ङ) मूल्याङकन गर्न सकिएन,

७. शैक्षणिक उद्धेश्य निर्माणमा कस्ता कठिनाई भोग्नु भएको छ ?

क) उचित क्रियापद छनोट गर्न नसक्नु

ख) उचित तरिकाले वाक्य (उद्देश्य) निर्माण गर्न नसक्नु

ग) पाठलाई समेट्ने गरी उद्देश्य निर्माण गर्न नसक्नु

घ) उद्धेश्य निर्माणमा खासे कठिनाई भएन

ङ) उद्धेश्य सम्वन्धी जानकारी नै छैन

८. शैक्षणिक सामग्री छनोट र प्रयोगमा कत्तिको निरन्तरता दिनु भएको छ?

क) शिक्षण सामग्रीको प्रयोग गरेको

ख) उपयुक्त रुपमा प्रयोग गर्दै आएको

ग) प्रयोगमा सवै विधार्थीको पंहुच भएको

घ) स्तर अनुसार छनोट गरेको

९. शैक्षणिक सामग्री निर्माणको निमित्त तपाईला कस्तो समस्या परयो ?

(क) चित्र वनाउन गह्रो परयो

(ख) तस्विर चार्ट र पत्र पत्रिकाको अभाव परयो

(ग) विद्यालयमा निर्माणाद्धिन सामग्रीको अभाव

१०. तलका अनुसार शिक्षण विधिलाई कसरी उपयोग गर्नु भएको छ ?

क) क्रियाकलाप अनुसार उपयुक्त विधि

ख) विधार्थि उतप्रेरित गर्ने खालको विधि

ग) विधि उपयुक्त र उचित तरिकाले प्रयोग गर्न नसक्ने

घ) छनोट र प्रयोग गर्दै नगर्ने

११. तपाईको पाठ अनुसार सामग्रीको प्रयोग कस्तो छ ?

(क) सामग्री तर्फ कुनै चासो नै छैन

(ख) विद्यार्थिहरु सामग्री देखेर पठन पठानमा रुचि लिन्छन्

(ग) सामग्री तर्फ ध्यान आफै गर्नु पर्दछ

१२. तपाईको पिरियड भरिमा विद्यार्थिहरुलाई कियाकलाप गर्न कति समय लिनु हुन्छ ?

(क) पुरै घण्टी (ख) आधा घण्टी (ग) केही समय मात्र

१३. तपाईले शिक्षण सिकाइ कियाकलापमा कुनै निश्चित समय सिमा दिनु भएन भने विषय वस्तुलाई कसरी समय भित्रै सिध्याउनु हुन्छ ?

उत्तरः ...........................................................................................

१४. तपाईको कक्षा शिक्षणमा कति विद्यार्थि कियाकलाप गर्न सहयोगी हुन्छन् ?

(क) ७५ प्रतिशत विद्यार्थिहरु भाग लिन्छन्

(ख) ५० प्रतिशत विद्यार्थिहरु भाग लिन्छन्

(ग) २५ प्रतिशत विद्यार्थिहरु भाग लिन्छन्

(घ) विद्यार्थिहरु शिक्षण सिकाई कियाकलापमा सहभागी हुदैनन्

१५. विद्यार्थिको कक्षा संलग्नता वारे के तपाई सन्तुष्टी हुनुहुन्छ ?

(क) सन्तुष्टी छ (ख) छैन (ग) सन्तुष्टी नभए पनि उपाए छैन

१६. तपाई विद्यार्थिको कक्षा सन्तुष्ट भए नभएको कसरी महशुस गर्नु हुन्छ ?

उत्तरः ...........................................................................................

१७. विद्यार्थिको कक्षा संलग्नता वढाउनलाई तपाई के गर्नु हुन्छ ?

(क) पुरुस्कारको व्यवस्था गर्दछु

(ख) दष्डको व्यवस्था गर्दछु

(ग) शिक्षकको सहयोग लिन्छ

(घ) मैले केहि गर्न सक्दैन

१८. अभ्यास शिक्षण कार्यमा शिक्षण विधि प्रयोगमा कुनै समस्या छ ?

(क) शिक्षण विधि छनोट गर्न सकिदैन

(ख) विद्यार्थिहरु सक्रिय हुदैनन

(ग) पाठ अनुसार शिक्षण विद्यि प्रयोग भएको छैन

(घ) आफुले जानेको विद्यि प्रयोग गर्न समय छैन

१९. पाठयक्रम अनुरुप शिक्षण विद्यि र क्रियाकलाप गरिरहनु जरुरी ठान्नु हुन्छ, किन ?

उत्तरः ......................................................................................

२०. अभ्यास शिक्षण कार्यक्रममा तपाईले जम्मा कति दिन सम्म शिक्षणम गर्नु भयो ?

क) ० देखि ७ दिन ख) ८ देखि १४ दिन ग) १५ देखि २१ दिन

घ) २५ देखि ३० दिन ङ) थाहा भएन

२१. तपाईलाई आफनो अभ्यास शिक्षण कार्यमा कस्तो किसिमको समस्या परयो ?

क) सहयोगी विधालयको अभाव ख) पिरियडको अभाव

ग) शिक्षण क्रियाकलापमा समय नपमल्नु घ) शैक्षणिक सामग्रीको अभाव

ङ) पाठयपुस्तकको अभाव च) आर्थिक भार वढ्दै जानु

छ) आनतरिक सुपरिवेक्षणमा कमि

२२. शिक्षणमा आईपरेका समस्याहरु समाधानमा कस्ता उपायहरु अपनाउनु हुन्छ ?

उत्तरः ......................................................................................

२३. अभ्यास शिक्षणले तपाईको शिक्षण शैलीमा के कस्तो सुधार गरेको छ ?

उत्तरः ......................................................................................

२४. तपाईले पढाउदा विषय शिक्षक पनि कक्षामा रहनु हुन्छ ?

(क) शुरु शूरुमा रहनु भयो

(ख) कहिले आउनु भयो कहिले आउनु भएन

(ग) शुरु देखि नै आनु भएन

२५. तपाईको विद्यालयमा हप्तामा कति पटक सुपरिवेक्षक आउनु हुन्छ ?

(क) १ पटक (ख) २ पटक (ग) ३ पटक (घ) आउनु भएन

२६. तपाईको कक्षा अवलोकन पछि तपाइलाई सुपरिवेक्षकले सल्लाह दिनु हुन्छ कि हुदैन ?

(क) सधै दिनु हुन्छ (ख) कहिले काहि दिनु हुन्छ (ग) दिनु हुदैन

२७. तपाको शिक्षण सुधार ल्याउनमा त्यो सल्लाह महत्वपूर्ण छ कि छैन ?

(क) महत्वपूर्ण छ (ख) छैन

२८. सुपरिवेक्षकको सल्लाह अनुसार तपाईको शिक्षण गर्नु भएको छ ?

(क) सधै सल्लाह अनुसार गर्दछु (ख) कहिले काहि गर्दछु

(ग) पाठ र समय अनुसार गर्दछु

२९. तपाईला आपनो अध्यापन अभ्यासमा लागेका राम्रा कुराहरु के के हुन् ?

(क) पाठयोजना राम्ररी वनाउन सकिन्छ

(ख) विशिष्ट उद्देश्य वनाउन सकिन्छ

(ग) शैक्षणिक सामग्रीको प्रयोग शिक्षणमा प्रभावकारी हुनु

(घ) सामग्री निर्माण गर्ने सिपको विकास हुनु

(ङ) कालोपाटी प्रयोग गर्न सक्षम हुनु

(च) कक्षकोठाको व्यवस्थापन गर्ने सिपको विकास हुनु

(छ) शब्दहरु उच्चारण गर्न सक्षम हुनु

(ज) शिक्षक ,प्रशासन र विद्यार्थि संग सम्बन्ध वड्नु

(झ) विद्यार्थिहरु समक्ष आत्म विश्वास साथ बिषयवस्तु प्रस्तुतीकरण गर्न सक्नु

(ञ) प्रश्नपत्रहरु निर्माण गर्न सक्नु

(ट) विद्यालय प्रतिवेदन तयार गर्न सक्नु

(ठ) अभ्यास शिक्षणका राम्रा पक्षवारे भनेर साध्य नै छैन

३०. तपाईले आफनो अध्यापन अभ्यासमा लागेका कमजोरी पक्षहरु के के हुन् ?

(क) पाठयोजना वनाउन अल्छी लाग्दछ

(ख) सामग्री निर्माण गर्न सकिदैन

(ग) विद्यालयमा पढाउन सरहरु मान्नु हुन्न

(घ) अध्यापन गर्न टाढा जानु पर्दछ

(ङ) एक पिरिएड पडाउन दिनभर वस्नु पर्दछ

(च) स्वतन्त्र रुपमा पढाउन पाईदैन

(छ) विद्यार्थिहरु पढाउदा हल्ला गर्दछन्

(ज) राम्रो संग पढाए नपढाएको कुनै मूल्यांकन छैन

(झ) पूर्णाक थोरै छ गर्नु पर्ने कार्य धेरै छ

(ञ) पाठयोजना अनुसार पढाउन समय पुग्दैन

(ट) अध्यापन गर्ने समय सवै विद्यालयमा एकनास छैन

(ठ) विद्यालयमा ३० दिन सम्म पढाउन सकिदैन

(ड) उ.मा.वि.मा यसको र अभ्यास हुदैन

(ढ) यसका कठिनाई पनि उल्लेख गरेर साध्य छैन

३१. तपाईले अध्यापन अवधिभर कतिवटा पाठयोजना वनाउनु हुन्छ ?

(क) ३० भन्दा बढी (ख) शिक्षकको सल्लाह अनुसार जति पनि

(ग) २५ वटा सम्म (घ) ३० वटा वनाउन पनि अध्यापन दिन पुग्दैन

३२. अहिले सम्म पाठयोजना विना अध्यापन गरेको दिन कुनै छ ?

उत्तरः ..........................................................................................

३३. पाठयोजना वनाउदा कस्को सहयोग लिनु भयो ?

(क) विषयगत शिक्षकको (ख) प्र. अ. को

(ग) दाजुभाई वा घरपरिवार सदस्यको (घ) कसैको लिएन

३४. तपाईको अध्यापन अभ्यासमा सहयोगी विद्यालयका प्र. अ.को कस्तो सहयोग पाउन लिएन ?

(क) धेरै सहयोग गनु भयो

(ख) केवल पाठयोजनामा मात्र सहि गर्नु भयो

(ग) प्र.अ. संग मेरो भेट नै भएन

(घ) सवै पक्षमा सकारात्मक सहयोग गर्नु भयो

३५. विद्यालय प्रतिवेदन तयार कसरी गर्नु भयो ?

(क) सामुहिक रुपमा (ख) व्यक्तिगत रुगमा

(ग) प्रतिवेदन लेख्ने कुरा नै थाहा भएन

३६. विद्यार्थिहरुवाट तपाईको मूल्याङकन कस्तो रहयो ?

(क) प्रश्नोत्तोर मार्फत (ख) कालोपाटीको प्रयोग मार्फत

(ग) गृहकार्य गर्न लगाएर (घ) छलफल गर्न लगाएर

३७. आफनो साथीको कक्षा अवालोकन कहिले गर्नु भयो ?

उत्तरः ..........................................................................................

३८. साथिहरुको कक्षा अवलोकन गर्दा कसरी गर्नु भयो ?

(क) सहपाठी फारम भरेर

(ख) विषयगत शिक्षकको र्निदेशन अनुसार फारम भरेर

(ग) साथीहरुको कक्षा अवलोकन नै भएन

३९. सहयोगी विद्यालय छनौट गर्दा तपाईलाइ कस्तो महशुस भयो ?

(क) अलमलमा पारियो

(ख) अरु साथिले नै घनिष्ट वनाईकोले समस्या भएन

(ग) धैरे संर्घष पछि पाईक पर्ने ठाउमा सहयोगी विद्यालयको छनौट भयो

(घ) आफ्नो स्कुलमा पढाउदा केहि गाह्रो भएन

४०. अभ्यास शिक्षणमा कति जना सम्म साथिहरु एउटै विद्यालमा जानु भयो?

उत्तरः ...........................................................................................

४१. अभ्यास शिक्षण कार्यक्रममा गईरहदा आफ्नो विद्यार्थि जिवनको कुनै याद आउन्छ ?

(क) यो मलाई ज्यादै मन पर्ने प्रश्न गर्नु भयो किन की आफुले कक्षामा पढ्दा निकै हल्ला गरिन्थ्यो । त्यस्तै सहयोगी विद्यालयका विद्यार्थिहरु पनि हल्ला गर्दा रहेछन्,

(ख) कुनै हल्लाको महशुस नै भएन

(ग) सामग्री लगेर लेखाउदा विदार्थीहरु आर्कषण हुन्थे

४२. कतिवटा वस्तुगत र विषयगत प्रश्नहरु साथै एत्रर कुन्जिका तयार गर्नु भयो ?

(क) २० वटा वस्तुगत र १० वटा विषयगत

(ख) आवस्यकता अनुसार जति पनि

(ग) प्रश्नहरु निर्माण नै गरिएन

४३. समग्रमा २ को अभ्यास शिक्षण कार्यक्रम कार्यान्वयन पक्ष कस्तो लाग्यो ?

(क) धेरै नै उपयोगी रुपमा कार्यन्वयन भएको पाइयो

(ख) यो कार्यक्रम नाम मात्रको छ, व्यवहारमा लागु गर्न सकिदैन

(ग) यो कार्यक्रम बढी प्रभावकारी भएको हुदा सधै भरी लागु हुनु पर्दछ

(घ) यसलाई अझ प्रभावकारी वनाउन विद्यालय देखि केन्द्र सम्म सवै पक्षवाट प्रयास गर्नु आवस्यकछ

**(सहयागको लागि धन्यवाद)**

## अनुसुची ५

## नमूना छनोटमा परेका उ.मा.वि. प्राचार्यहरुको नामावली

| क्र.सं. | विद्यालयको नाम | प्राचर्याको नाम |
|---|---|---|
| १ | श्री थलारा उ.मा.वि. थलारा खोली, बझाङ्ग | श्री हर्क व. रोकाया |
| २ | श्री शान्ति उ.मा.वि. पाराकाट्ने, बझाङ्ग | श्री कृष्ण व. सिंह |
| ३ | श्री भैरवनाथ उ.मा.वि. झोत्ता, बझाङ्ग | श्री गणेश व. बोहरा |

स्रोतः स्थलगत अध्ययन, २०६७।

## अनुसुची ६

### छनोटमा परेका ३ उच्च माध्यमिक विद्यालयका छात्र शिक्षकहरुको नामावली

| क.सं. | छात्र शिक्षकहरुको नाम | विद्यालयको नाम | विषयहरुको नाम |
|---|---|---|---|
| १ | मदन ब. साउँद | थलारा उ.मा.वि. खोली, बझाङ्ग | अंग्रेजी |
| २ | भरत व. साउँद | थलारा उ.मा.वि. खोली, बझाङ्ग | नेपाली |
| ३ | सरस्वती कु. सिंह | भैरव उ.मा.वि. झोता, बझाङ्ग | नेपाली |
| ४ | लाल व. साउँद | थलारा उ.मा.वि. खोली, बझाङ्ग | अंग्रेजी |
| ५ | विरेन्द्र व. सिंह | थलारा उ.मा.वि. खोली, बझाङ्ग | स्वास्थ्य |
| ६ | दिनेश वि.क. | शान्ति उ.मा.वि. पाराकाट्ने, बझाङ्ग | स्वास्थ्य |
| ७ | संगिता जोशी | थलारा उ.मा.वि. खोली, बझाङ्ग | नेपाली |
| ८ | गोकुल राज शर्मा | शान्ति उ.मा.वि. पाराकाट्ने, बझाङ्ग | स्वास्थ्य |
| ९ | मान व. वोहरा | भैरव उ.मा.वि. झोता, बझाङ्ग | अंग्रेजी |
| १० | सृजना कु. धामी | शान्ति उ.मा.वि. पाराकाट्ने, बझाङ्ग | नेपाली |
| ११ | हर्क व. धामी | शान्ति उ.मा.वि. पाराकाट्ने, बझाङ्ग | अंग्रेजी |
| १२ | ललि बोहरा | भैरव उ.मा.वि. झोता, बझाङ्ग | स्वास्थ्य |
| १३ | मिलन नेपाली | भैरव उ.मा.वि. झोता, बझाङ्ग | नेपाली |
| १४ | सविता धामी | भैरव उ.मा.वि. झोता, बझाङ्ग | अंग्रेजी |
| १५ | कल्पना बोहरा | शान्ति उ.मा.वि. पाराकाट्ने, बझाङ्ग | स्वास्थ्य |

स्रोतः स्थलगत अध्ययन, २०६७।

## अनुसुची ७

## नमूना छनोटमा परेका सहयोगी विद्यालय र प्रधानाध्यापकहरुको नामावली

| क.सं. | विद्यालय | प्र.अ. ⁄ प्राचार्य | विषय शिक्षक |
|---|---|---|---|
| १ | श्री त्रिभुवन मा.वि.<br>डिखला, बझाङ्ग | श्री धनबहादुर विष्ट | श्री कलक व. विष्ट<br>श्री मदन व. साउँद |
| २ | श्री सरस्वती प्रा.वि.<br>डिखला, बझाङ्ग | श्री मदन राज शर्मा | श्री शेर व. वि.क.<br>सीता कु. धामी, विष्ट |
| ३ | श्री धाँउलदेउ प्रा.वि.<br>गडिगाउँ, बझाङ्ग | श्री प्रेम व. बोहरा | श्री हर्क व. बोहरा |

स्रोतः स्थलगत अध्ययन, २०६७।